कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित र
बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ बमोजिमको कामकारोवार गर्ने

ग्रीन डेभलपमेन्ट बैंक लिमिटेड

GREEN DEVELOPMENT BANK LTD

PARTNERING FOR PROSPERITY

(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजत पत्र प्राप्त संस्था)

(तीन जिल्ला कार्यक्षेत्र भएको)

वडा नं.२, हरिशंकर रोड, बागलुङ, नेपाल।
फोन नं.: ०६८–५२२८६५ फ्याक्स नं. ०६८–५२२८६७
E-mail: info@greenbank.com.np, Website: www.greenbank.com.np

को

(धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० तथा कम्पनी ऐन, २०६३ को दफा २३ अन्तर्गत प्रकाशित)

# विवरण-पत्र

| विवरण | वास्तविक | | प्रक्षेपित | | |
|---|---|---|---|---|---|
| | आ.ब.०७०/०७१ | आ.ब.०७१/०७२ | आ.ब.०७२/०७३ | आ.ब.०७३/०७४ | आ.ब.०७४/०७५ |
| प्रति शेयर नेटवर्थ (रु.) | ८४.८७ | ८०.०६ | ९३.८४ | १०१.९५ | १०७.६६ |
| प्रति शेयर आम्दानी (रु.) | (१२.२४) | (५.०२) | ५.४५ | ३.३० | ७.४४ |

रु.४ करोड ५० लाख रकम बराबरको प्रति साधारण शेयर रु.१००/–अंकित दरका ४,५०,००० कित्ता (९,००० कित्ता शेयर कर्मचारीहरुको सुरक्षित गरिएको तथा २२,५०० कित्ता शेयर सामुहिक लगानी कोषहरुका लागि बाँडफाँड गरिएको र बाँकी ४,१८,५०० कित्ता शेयर सर्वसाधारणमा निष्काशन गरिएको) साधारण शेयरहरुको सार्वजनिक निष्काशन।

**दरखास्तसाथ प्रति साधारण शेयर रु. १००/–का दरले शतप्रतिशत भुक्तानी माग गरिएको।**

**लगानीमा हुने जोखिम सम्बन्धी उद्घोषण :**

धितोपत्रमा गरिने लगानीमा जोखिम हुने भएकोले त्यस्तो जोखिमको मूल्याङ्कन गर्ने प्रमुख दायित्व लगानीकर्ता स्वयंको हुनेछ र धितोपत्रको निष्काशन मूल्यले सूचिकरण पश्चात धितोपत्र बजारमा हुने कारोवार मूल्य नजनाउने हुँदा यस विवरणपत्रको **दफा ३.८** मा उल्लेखित जोखिमहरु समेतको अध्ययन गरेर मात्र लगानी सम्बन्धी निर्णय लिन सुझाव गरिन्छ।

**नियमन निकायको जवाफदेहीता नरहने उद्घोषण :**

यस विवरणपत्रमा उल्लेखित धितोपत्र सार्वजनिक निष्काशनको लागि तयार गरिएको यस विवरणपत्रलाई धितोपत्र सम्बन्धी ऐन, २०६३ बमोजिम नेपाल धितोपत्र बोर्डले स्वीकृती प्रदान गरेको छ। यसरी बोर्डले विवरणपत्र स्वीकृती प्रदान गरेको कारणबाट कसैले पनि नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय वा सम्बद्ध अन्य नियमन निकायले विवरणपत्रमा उल्लिखित कुराको सत्यता वा निष्काशनकर्ता वा परियोजनाको आर्थिक सक्षमताको बारेमा कुनै प्रकारको प्रत्याभूत गरेको वा जिम्मेवारी लिएको मानिने छैन।

नेपाल धितोपत्र बोर्डबाट विवरणपत्र स्वीकृत भएको मिति : २०७३/१/२६
कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरणपत्रदर्ता भएको मिति : २०७३/२/५

निष्काशन खुल्ला हुने मिति : २०७३/२/२३
निष्काशन बन्द हुने मिति (छिटोमा : २०७३/२/२६ (बैंकिङ्ग समय पश्चात्)
निष्काशन बन्द हुने मिति (ढिलोमा) : २०७३/३/५ (बैंकिङ्ग समय पश्चात्)

**यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयरको सार्वजनिक निष्काशन गर्नका लागि ईक्रा नेपाल लि. बाट "ईक्रा एनपिआईपिओ ग्रेड ४" प्रमाणपत्र प्राप्त गरेको छ। सो सम्बन्धी विवरण यस विवरणपत्रको दफा ३.२२ (ट) मा उल्लेख गरिएको छ।**

## धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक

NIBL CAPITAL

**एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेड**

पो.ब.नं. २३२२४, लाजिम्पाट, काठमाण्डौं
फोन नं. ४००५०८०, फ्याक्स नं. ४००५०८४
URL: www.niblcapital.com, e-mail- info@niblcapital.com

**यो विवरणपत्र धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको Website: www.niblcapital.com, निष्काशनकर्ता कम्पनी ग्रीन डेभलपमेन्ट बैंक लि. को website: www.greenbank.com.np र नेपाल धितोपत्र बोर्डको website: www.sebon.gov.np बाट समेत हेर्न सक्नु हुनेछ।**

२.१.**विवरणपत्रमा प्रयोग भएका प्राविधिक तथा अन्य शब्दावलीको परिभाषा :**

क) **"विवरणपत्र"** भन्नाले सार्वजनिक रुपमा शेयर निष्काशन गर्न धितोपत्र सम्वन्धी ऐन, २०६३ को दफा ३० तथा कम्पनी ऐन, २०६३ को दफा २३ अन्तर्गत तयार पारी प्रकाशित निष्काशन कम्पनीको सन्दर्भमा लगानीकर्ताहरुलाई जानकारी दिनको लागि तयार गरिएको पुस्तिकालाई सम्झनु पर्दछ ।

ख) **"धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक"** भन्नाले एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेड, लाजिम्पाट, काठमाण्डौंलाई सम्झनु पर्दछ ।

ग) **"डेभलपमेन्ट बैंक/संगठित संस्था"** भन्नाले निष्काशनकर्ता कम्पनी ग्रीन डेभलपमेन्ट बैंक लिमिटेडलाई सम्झनु पर्दछ ।

घ) **"संकलन केन्द्र"** भन्नाले सार्वजनिक निष्काशनको लागि तयार गरिएको विवरणपत्र र दरखास्त फारम प्राप्त गर्न सकिने तथा दरखास्त फाराम साथ रकम बुझाउन सकिने गरी तोकिएका संस्थालाई सम्झनु पर्दछ ।

ङ) **"निष्काशन बैंक"** भन्नाले सार्वजनिक निष्काशनबाट संकलन हुन आएको रकमलाई जम्मा गर्नको लागि तोकिएको बैंकहरुलाई सम्झनु पर्दछ ।

च) **"नियमन निकाय"** भन्नाले नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय तथा नेपाल राष्ट्र बैंकलाई सम्झनु पर्दछ ।

छ) **"संस्थापक, संचालक, कार्यकारी प्रमुख तथा व्यबस्थापन"** भन्नाले ग्रीन डेभलपमेन्ट बैंक लिमिटेडका संस्थापक, संचालक, प्रमुख कार्यकारी अधिकृत तथा व्यबस्थापनलाई सम्झनु पर्दछ ।

ज) **"बोर्ड"** भन्नाले नेपाल धितोपत्र बोर्डलाई सम्झनु पर्दछ ।

२.२.**विवरणपत्र तथा दरखास्त फाराम प्राप्त गर्ने र बुझाउने स्थान :**

| सि.नं. | कम्पनीको नाम, ठेगाना |
|---|---|
| १. | एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेड, लाजिम्पाट, काठमाण्डौं । |
| २. | ग्रीन डेभलपमेन्ट बैंक लिमिटेड, हरिशंकर रोड, बागलुङ लगायत बैंकको शाखा कार्यालय । |

उपरोक्त स्थानहरुको अलावा धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धकद्वारा अन्य माध्यम मार्फत सूचित गरिने संकलन केन्द्रको रुपमा कार्य गर्ने गरी नियुक्त संकलन केन्द्रहरु/वित्तीय संस्थाहरुमा आवेदन फाराम तथा विवरणपत्र प्राप्त गर्न र आवदेन फाराम साथ शेयर रकम जम्मा गर्ने व्यवस्था गरिनेछ । सार्वजनिक निष्काशनको क्रममा संकलन केन्द्र नभएका जिल्लाहरुबाट मात्र ड्राफ्ट संलग्न गरी दरखास्त दिन पाइने र यसरी दरखास्तवालाहरुले दरखास्त दिन चाहेमा शेयर निष्काशन बन्द हुनुअघिको मिति सम्ममा एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेडको नाममा खिचिएको एकाउण्टपेयी **(A/c Payee)** ड्राफ्ट साथ शेयरको दरखास्त फाराम नेपाल सरकार, हुलाक सेवा मार्फत रजिष्ट्री गरी एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेड, लाजिम्पाट, काठमाण्डौंमा पठाएको निवेदनलाई मात्र बाँडफाँटमा समावेश गरिनेछ । शेयर बिक्री बन्द भएको १५ (पन्ध्र) दिनपछि प्राप्त ड्राफ्ट र आवेदन फारामलाई बाँडफाँटमा समावेश गरिने छैन ।

**दरखास्त फाराम प्राप्त गर्नका लागि प्रति दरखास्त फाराम रु.२/- (दुई रुपैया) शुल्क बुझाउनु पर्नेछ ।**

**३.१.धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको उद्घोषण :**

हामीलाई निष्काशनकर्ता डेभलपमेन्ट बैंक तथा यसका संस्थापक/संचालकहरुले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा यस संस्थाको व्यवस्थापकिय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुको साथै विवरणपत्रमा लेखिएका आर्थिक विवरणहरु र अन्य जानकारी तथ्यगत, पूर्ण र सही देखिएकोले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुराप्रति विश्वस्त भई हामीले यो विवरणपत्र स्वीकृतीका लागि नेपाल धितोपत्र बोर्डमा "धितोपत्र सम्बन्धी ऐन २०६३" तथा "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०६५" अनुरुपको योग्यता पुगेको प्रतिबद्धतापत्र (Due Diligence Certificate) प्रस्तुत गरेका छौं ।

**३.२.संगठित संस्थाको उद्घोषण :**

**३.२.१.संचालकको जिम्मेवारी तथा जवाफदेहिता सम्बन्धी उद्घोषण :**

यो विवरणपत्र हामीले पुनरावलोकन गरी अनुमोदन गरेको हुनाले यस विवरणपत्रमा उल्लेख गरिएका विवरण तथा जानकारीहरुका साथै निष्काशन तथा बिक्री प्रबन्धकलाई दिएको वित्तीय विवरण, अन्य विवरण, जानकारी तथा कागजातहरुका सत्यता र शुद्धता प्रति र धितोपत्र दर्ता तथा निष्काशन अनुमति प्रयोजनका लागि नेपाल धितोपत्र बोर्डमा पेश गरिएको विवरणपत्र र सो सँग सम्बन्धित अन्य विवरण तथा जानकारीहरुको शुद्धता तथा सत्यताप्रति यस विवरणपत्रमा हस्ताक्षर गर्ने हामी संचालकहरु व्यक्तिगत वा सामूहिक रुपमा जवाफदेहिता बहन गर्दछौं र धितोपत्र निष्काशनका लागि तोकिएका शर्त तथा आवश्यकताहरुको सम्बन्धमा आवश्यक जानकारी लिई हामी उद्घोषण गर्दछौं की तोकिएका शर्त तथा आवश्यकताहरु सबै पालना गरेका छु/छौं र लगानीकर्ताहरुलाई लगानी सम्बन्धी सूसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाएका छैनौं ।

**३.२.२.संगठित संस्थाको जवाफदेहिता सम्बन्धी उद्घोषण :**

यस ग्रीन डेभलपमेन्ट बैंक लिमिटेडले प्रकाशित गरेको विवरणपत्र, सार्वजनिक प्रस्ताव, विज्ञापन वा अन्य कुनै सूचनामा उल्लेख भएका विवरणहरु बाहेक संगठित संस्थाको बारेमा प्रकाशित अन्य कुनै सूचना वा जानकारीको जवाफदेहीता संगठित संस्थामा नरहने र त्यस्तो सूचना, जानकारी वा विवरणको आधारमा लगानी गरेमा सो को जोखिम लगानीकर्ता स्वयंले बहन गर्नुपर्नेछ ।

**३.२.३.नियमन निकायको नियमन ब्यबस्थाको पालना सम्बन्धी उद्घोषण :**

प्रचलित कानून अनुसार आफ्नो उद्योग/व्यवसाय/सेवासँग सम्बन्धित नियमन निकाय (जस्तैः कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल राष्ट्र बैंक आदि) को सार्वजनिक निष्काशन तथा अन्य नियमन व्यवस्था तथा निर्देशनहरुको पालना गरेको कुराको उद्घोषण गर्दछौं । साथै सार्वजनिक निष्काशन प्रयोजनको लागि तयार गरिएको विवरणपत्र र सो मा उल्लिखित सम्झौता वा अन्य विवरणहरु नेपाल धितोपत्र बोर्ड र कम्पनी रजिष्ट्रारको कार्यालयमा पेश गरेका छौं ।

**३.२.४.संस्थापक, संचालक तथा कार्यकारी प्रमुख सम्बन्धी उद्घोषण :**

१. यस डेभलपमेन्ट बैंकको संस्थापक, संचालक वा प्रमुख कार्यकारी अधिकृत कर्जा सूचना केन्द्रको कालो सूचीमा रहेका छैनन् ।
२. यस डेभलपमेन्ट बैंकको संचालक वा प्रमुख कार्यकारी अधिकृत कालो सूचीमा रहेको अन्य संगठित संस्थामा संचालक वा कार्यकारी प्रमुख छैनन् ।
३. सार्वजनिक निष्काशन मार्फत सर्वसाधारणबाट पूँजी संकलन गरी वेपत्ता भएका वा संचालनमा नरहेका वा लगानीकर्ताहरुको हित विपरीत हुने कार्य गरेको संगठित संस्थाको संचालक वा प्रमुख कार्यकारी अधिकृत यस डेभलपमेन्ट बैंकको संचालक वा प्रमुख कार्यकारी अधिकृत छैनन् ।
४. धितोपत्र सम्बन्धी कानून विपरीत कार्य गरेको कारण धितोपत्र बजार वा धितोपत्र व्यवसायीको अनुमति खारेज भएको दश बर्ष पूरा नभएको संगठित संस्थाको संचालक वा प्रमुख कार्यकारी अधिकृत यस डेभलपमेन्ट बैंकको संचालक वा प्रमुख कार्यकारी अधिकृत छैनन्।
५. यस डेभलपमेन्ट बैंकको संचालक वा प्रमुख कार्यकारी अधिकृत धितोपत्र सम्बन्धी ऐनको दफा १०८ बमोजिम अयोग्य रहेका छैनन् ।

### ३.३.संगठित संस्था सम्बन्धी जानकारी :

### ३.३.१.संगठित संस्थाको पृष्ठभूमी :

**(क) संस्थाको नाम** : ग्रीन डेभलपमेन्ट बैंक लिमिटेड **(Green Development Bank Limited)**

**(ख) कुन ऐन अन्तर्गत स्थापित भएको सो कुरा :** कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित ।

**(ग) संस्थाको रजिष्टर्ड ठेगाना :** यस डेभलपमेन्ट बैंकको रजिष्टर्ड कार्यालय, हरिशंकर रोड, बागलुङ रहेको छ ।

**(घ) कारोवार गर्ने मुख्य स्थान :** नेपाल राष्ट्र बैंकको स्वीकृती अनुसार यस डेभलपमेन्ट बैंकको कार्यक्षेत्र बागलुङ्ग, म्याग्दी र कास्की गरी तीन (३) जिल्ला रहेकोछ भने यस डेभलपमेन्ट बैंकको वित्तीय कारोवार गर्ने मुख्य स्थान बागलुङ जिल्लाको हरिशंकर रोड, बागलुङमा रहेकोछ । यसको अलावा डेभलपमेन्ट बैंकले म्याग्दी जिल्लाको बेनी स्थित आफ्नो शाखा कार्यालयमार्फत वित्तीय कारोवारहरु संचालन गर्दै आइरहेको छ । भविष्यमा आवश्यकता अनुसार नेपाल राष्ट्र बैंकको स्वीकृति लिई शाखा, उपशाखा वा अन्य कार्यालय खोली वित्तीय कारोवार गर्न सक्नेछ ।

**(ङ) संगठित संस्थाको स्थापनाकाल देखि हाल सम्मको संक्षिप्त इतिहास र संगठित संस्थाको मुख्य उद्देश्यहरु :**
ग्रीन डेभलपमेन्ट बैंक लिमिटेड, कम्पनी ऐन, २०६३ बमोजिम मिति २०६९/८/२६ गते नेपाल सरकार कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भै मिति २०७०/४/९ मा नेपाल राष्ट्र बैंकबाट वित्तीय कारोवार गर्न इजाजत प्राप्त गरी मिति २०७०/५/९ गते देखि डेभलपमेन्ट बैंकले आफ्नो वित्तीय कारोवार संचालन गरिरहेको छ । यस डेभलपमेन्ट बैंकका संस्थापकहरुमा बैंक/वित्तीय क्षेत्र, स्वास्थ्य, शैक्षिक क्षेत्र एवं व्यापार/व्यवसायको साथै व्यवस्थापन क्षेत्रमा लामो समय देखि दखल भएका प्रतिष्ठित व्यक्तित्वहरु रहेका छन् । नेपाल राष्ट्र बैंक ऐन, २०५८, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३, कम्पनी ऐन, २०६३ तथा अन्य प्रचलित कानूनको अधिनमा रही वित्तीय कारोबार (वित्तीय व्यवसाय) गर्ने यस डेभलपमेन्ट बैंकको मुख्य उद्देश्यहरु देहाय बमोजिम हुनेछ :

अ) डेभलपमेन्ट बैंकका निक्षेपकर्ता तथा शेयरधनीको हक हितको संरक्षण र सम्बर्द्धन गर्दै स्वस्थ्य प्रतिस्पर्धाबाट सर्वसाधारणलाई गुणस्तरीय तथा भरपर्दो बैकिङ्ग/वित्तीय मध्यस्थता सेवा उपलब्ध गराउने,

आ) कृषि, उद्योग, सेवा, व्यापार तथा अन्य व्यवसायिक रुपले सम्भाव्य देखिएका उत्पादनशील व्यवसायको स्थापना, विकास, विस्तार र क्षमता एवम् उत्पादकत्व बृद्धिका लागि आवश्यक वित्तीय साधन आन्तरिक तथा बाह्य श्रोतबाट जुटाई देशको औद्योगिक, व्यापारिक एवं कृषि क्षेत्रको विकासमा गतिशिलता ल्याउन सहयोग पुऱ्याउने,

इ) उपलब्ध शीप, श्रम तथा पूँजीलाई उचित रुपमा परिचालन गरी ग्रामीण तथा शहरी क्षेत्रमा उत्पादन एवम् रोजगारीमूलक व्यवसायको स्थापना, सञ्चालन, विकास, विस्तार एवम् प्रवर्द्धन गर्ने र सो कार्यको लागि आवश्यक वित्तीय साधन, प्राविधिक तथा व्यवस्थापकीय परामर्श सेवा, तालिम तथा प्रविधि उपलब्ध गराई गरिबी निवारणका लागि सक्रिय रुपमा संलग्न भई सहयोग पुऱ्याउने,

ई) वित्तीय सेवामा जोखिम कम गर्दै वित्तीय क्षेत्रको उदारिकरणमा मद्दत पुर्‍याउने तथा देशको अर्थतन्त्रलाई सवल एवं सुदृढ बनाउन सहयोग पुर्‍याउने, र

उ) देशको समग्र वित्तीय प्रणाली प्रति सर्वसाधारणको विश्वसनीयता अभिबृद्धि गर्न सहयोग पुर्‍याउने ।

**(च) संगठित संस्थाको कुनै सहायक कम्पनी भएमा सो सहायक कम्पनीको नाम, इतिहास र त्यसका मुख्य उद्देश्यहरुका साथै त्यसमा भएको लगानीको अंश (प्रतिशतमा)** :हाल सम्म यस डेभलपमेन्ट बैंकको कुनै सहायक कम्पनी नभएको ।

**(छ) देहायका कुराहरु समेत उल्लेख गर्नुपर्ने (लागु हुने हदसम्म)**

(१) संगठित संस्थाले उत्पादन गर्ने वस्तु वा प्रदान गर्ने सेवाहरु : वित्तीय सेवाहरु ।
(२) प्रयोग भएको वा गरिने प्रविधि : वित्तीय प्रविधि ।
(३) कुनै ब्राण्डनेम, प्रतिलिपी अधिकार, ट्रेडमार्क, इजाजतपत्र, प्राविधिक सहयोग सम्झौता र संगठित संस्थासँग सम्बन्धित बौद्धिक सम्पत्ति हक अधिकार : नभएको ।
(४) संगठित संस्थाले ओगटेको बजार क्षेत्र : वित्तीय बजार ।
(५) नयाँ उत्पादन तथा सेवा सम्बन्धी योजना : लागु नहुने ।
(६) उत्पादन तथा सेवाको प्रमुख बजार र त्यसको माग र बिक्री वितरणको तरिका : वित्तीय बजार ।
(७) उत्पादन/संचालन क्षमता र सो को उपभोग स्थिति : लागु नहुने ।
(८) कच्चा पदार्थको श्रोत, किसिम र उपलब्धता : लागु नहुने ।
(९) गुण नियन्त्रणको लागि गरिएको व्यवस्था : लागु नहुने ।
(१०) अनुसन्धान तथा विकास : नभएको ।
(११) विगत १२ महिनाको अवधिमा संस्थाको संचालनमा असर पर्ने गरी भएको वाधा, व्यवधान : सो नभएको ।
(१२) मजदुर संगठनसँगको सम्बन्ध र विगतमा कुनै औद्योगिक विवाद भएको भए, सो सम्बन्धी विवरण : नभएको ।

(१३) बजार प्रतिस्पर्धा र अन्य समान उद्योगहरु बीच संगठित संस्थाको स्थिति : हालको प्रतिस्पर्धि वित्तीय बजारमा यस डेभलपमेन्ट बैंकले सफलता पूर्वक आफ्नो वित्तीय व्यवसाय संचालन गरी छोटो समयमा नैं अस्तित्व अनुभुति गराउन सफल रहेको छ ।

(१४)प्रमुख ग्राहकहरुको विवरण (जस्तै–संस्थाको कुल कारोबारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने वा व्यवसायको लागि संगठित संस्था कुनै प्रमुख ग्राहकसँग निर्भर छ भने त्तसम्बन्धी विवरण ।) : नभएको ।

(१५)प्रमुख सप्लायर्सहरुको विवरण (जस्तै–संस्थाको कुल कारोबारमा १०%  वा सो भन्दा बढीले योगदान गर्ने सप्लायर्स वा व्यवसायको लागि संगठित संस्था कुनै प्रमुख सप्लायर्ससँग निर्भर छ भने तत्सम्बन्धी विवरण) : नभएको ।

**३.३.२.सम्पत्तिको विवरण :**

(क) संगठित संस्थाको उपकरण (प्लान्ट) तथा अन्य सम्पत्ति रहेको स्थान र उपकरण तथा सम्पत्तिको अवस्था : लागु नहुने ।

(ख) बूँदा (क) मा उल्लेखित सम्पत्ति संगठित संस्थाको आफ्नै सम्पत्ति हो या लिजमा लिएको, लिजमा लिएको भए लिजको अवधि (मिति समेत उल्लेख गर्नु पर्ने) : लागु नहुने ।

(ग) यदि सम्पत्ति संगठित संस्थाको स्वामित्वमा रहेको भएमा उक्त सम्पत्ति माथि कुनै लियन वा मोर्टगेज भए सो सम्बन्धी विवरण : लागु नहुने ।

(घ) विवरणपत्र बोर्डमा पेश गरिएको मितिमा संगठित संस्थाको सम्पत्तिको कितावी मूल्य र बजार मूल्य बीच फरक भएमा सो को विवरण : यस डेभलपमेन्ट बैंकको सम्पत्ति पुनर्मूल्याङ्कन नगरिएको हुँदा कितावी मूल्य र बजार मूल्य बीच फरक नभएको ।

(ङ) सम्पत्तिको मूल्यांकन गरिएको तरीका सम्बन्धी विवरण : लागु नहुने ।

**३.३.३.भावी योजना तथा रणनीतिः**

**(क) व्यवसाय/सेवाको बृद्धिका लागि संस्थाको भावी योजना र त्यस्तो योजनाको प्राप्तिका लागि चालिने समयवद्ध रणनीतिः**

यस डेभलपमेन्ट बैंकको कार्य क्षेत्रमा छरिएर रहेका स–साना पूँजीलाई बचतको रुपमा आकर्षित गर्दै देशको वित्तीय एवं बैंकिङ्ग क्षेत्रमा सर्वसाधारण, उद्योगी, व्यापारी एवं विभिन्न संघ सस्थाहरु सम्ममा बैंकिङ्ग प्रणाली मार्फत सरल, सुलभ र छिटो छरितो तरिकाबाट भरपर्दो एवं गुणस्तरीय सेवा प्रदान गर्ने तथा निकट भविष्यमा ग्रामिण समुदायसम्म सेवा विस्तार गर्ने, सेवामा विविधिकरण गर्दै जाने तथा थप सेवा विस्तार गर्दै जाने योजना यस डेभलपमेन्ट बैंकको रहेको छ । ग्राहक महानुभावहरुको सेवामा र सामाजिक उत्तरदायित्व समेतलाई ध्यानमा राखि डेभलपमेन्ट बैंकको मुनाफा बृद्धि गरी डेभलपमेन्ट बैंकको शेयरधनीहरुलाई प्रतिफल वितरण गर्दै लैजाने यस डेभलपमेन्ट बैंकको भावी योजना रहेको छ । साथै डेभलपमेन्ट बैंकको अन्य भावी योजनाहरु देहाय वमोजिम रहेकोछ :

- भविष्यमा डेभलपमेन्ट बैंकको कार्यक्षेत्रको जिल्लामा शाखा विस्तार गरी ग्रामिण क्षेत्रमा बसोबास गर्ने सर्वसाधारण समक्ष अधिकतम बैंकिङ्ग सेवाको विस्तार गर्ने ।
- SMS तथाE–Bankingसेवाको थालनी गर्ने ।
- निक्षेपको लागत कम गर्न सर्वसाधारणहरुसँग रहेको बचतको अधिकतम परिचालन गर्न निक्षेप तर्फ नयाँ योजनाहरु तर्जुमा गरी कार्यान्वयन गर्ने ।
- समग्र कर्जाको गुणस्तरलाई उच्च स्तरमा राख्ने र कर्जा तथा सापटमा प्राप्त हुने प्रतिफललाई उच्च राख्न कर्जा लगानीमा विविधिकरण गर्ने ।
- लघुवित्त वित्तीय सेवाहरु विस्तार गर्दै लैजाने ।
- प्रतिस्पर्धी बजारमा बैंकले बैकिङ्ग ग्राहकहरुलाई आधुनिक ढंगबाट निक्षेप सेवा र कर्जा सेवा प्रदान गर्ने ।

नयाँ बैंक तथा वित्तीय संस्थाहरुको प्रवेशबाट उत्पन्न हुने प्रतिस्पर्धाबाट हुन सक्ने जोखिमहरु, डेभलपमेन्ट बैंकले प्रदान गरेको तथा भविष्यमा प्रदान गरिने कर्जा तथा सापट खराब कर्जामा परिणत हुन गएमा हुने जोखिम, देशको राजनैतिक परिस्थितिबाट आउन सक्ने जोखिमहरु, देशको आर्थिक अवस्थामा आउने उतार चढावबाट हुन सक्ने जोखिमहरु, नेपाल सरकारको आर्थिक नीति तथा नेपाल राष्ट्र बैंकको मौद्रिक नीतिमा हुने परिवर्तनबाट श्रृजना हुन सक्ने जोखिमहरु, निक्षेप तथा कर्जाको व्याजदरमा आउने परिवर्तनबाट हुन सक्ने जोखिमहरु, पूंजी बजारको अवस्थामा आउने उतार चढावबाट पर्न सक्ने जोखिमहरु, अन्तर्राष्ट्रिय बजारमा हुने मन्दीबाट नेपालको बजारमा पर्न सक्ने असरबाट हुन सक्ने आर्थिक जोखिमहरु, देशको मौद्रिक नीति लगायत नेपाल राष्ट्र बैंकले जारी गर्ने नीति, नियम र निर्देशनको अप्रत्याशित परिवर्तनबाट सिर्जना हुने सम्भावित जोखिमहरु, देशको बैदेशिक नीतिमा हुन सक्ने परिवर्तन तथा विदेशी मुद्राको विनिमय दरमा घट्बढ भई उत्पन्न हुन सक्ने सम्भावित जोखिमहरु तथा डेभलपमेन्ट बैंकले सरकारी तथा गैर सरकारी धितोपत्रहरुमा लगानी गर्दा धितोपत्रको मूल्यमा परिवर्तनका कारण उत्पन्न हुनसक्ने जोखिमहरु लगायत सम्पूर्ण जोखिमहरुको गहन अध्ययन र विश्लेषण गरी उक्त जोखिमहरु न्यूनिकरण गर्दै जाने रणनीति डेभलपमेन्ट बैंकको रहेकोछ ।

**(ख) प्रतिस्पर्धा, विद्यमान आर्थिक स्थिति र समान किसिमको उद्योगको स्थितिको आधारमा संगठित संस्थाको भविष्यः**

हाल देशको बैंकिङ्ग वातावरण अत्यन्त प्रतिस्पर्धात्मक छ । विगत छोटो अवधिमानै धेरै बैंक तथा वित्तीय संस्थाहरु स्थापना भई संचालनमा आईसकेका छन् । यसै गरी विभिन्न थप बैंक तथा वित्तीय संस्थाहरु स्थापना तथा विस्तार हुने क्रम जारी नै छ । यो परिस्थितिले गर्दा देशको बैंकिङ्ग वातावरण अरु बढी प्रतिस्पर्धात्मक हुने देखिन्छ । अर्को तर्फ देशले अपनाएको खुला आर्थिक नीतिले

लगानीकर्ताहरुलाई विभिन्न क्षेत्रमा लगानी गर्ने अवसरहरु प्राप्त भएका छन् । यसै बिच विगत केही समय यता देखा परेको राष्ट्रिय तथा अन्तराष्ट्रिय परिस्थितिले देशको आर्थिक स्थितिको बारेमा केही चिन्तित हुनुपर्ने स्थिति छ । यो अवस्थाले देशको बैंकिङ्ग व्यवसायलाई पनि केही हदसम्म प्रभाव पार्ने देखिएता पनि हालसम्मको परिस्थितिलाई मूल्याङ्कन गर्दा त्यति चिन्तित भईहाल्नुपर्ने अवस्था देखिदैन । तसर्थ, देशको बैंकिङ्ग व्यवसाय बीचको प्रतिस्पर्धा, विद्यमान आर्थिक स्थिति र हाल सम्मका दिनहरुमा बैंकिङ्ग क्षेत्रले उत्साहजनक सफलता पाईरहेको आधारमा यस डेभलपमेन्ट बैंकले स्थापनाको छोटो अवधिमा नै ग्राहकहरुको चाहना र आवश्यकता अनुसारका स्तरीय ग्राहकोन्मुख सेवा तथा सुविधाहरु प्रदान गरेर उपलब्ध श्रोत र साधनको उपयुक्त परिचालन गरी तुलनात्मक रुपमा उपलब्धि हासिल गरिरहेको छ । त्यसकारण डेभलपमेन्ट बैंकको विद्यमान उपलब्धिहरु एवं प्रस्तुत भावी योजनाहरुको आधारमा बैंकको भविष्य सुदृढ हुने देखिन्छ ।

**३.३.४.संचालक समितिको संरचना र प्रतिनिधित्व सम्वन्धी व्यवस्था :**

**संचालक समितिको संरचना, संचालकहरुको योग्यता र प्रतिनिधित्व तथा संचालक हुनको लागि लिनुपर्ने न्यूनतम शेयर संख्या सम्बन्धी ब्यबस्था :**

यस डेभलपमेन्ट बैंकको नियमावलीको नियम २७ (२) मा भएको व्यवस्था अनुसार ८ (आठ) जना संचालकहरु रहेको एक संचालक समिति देहाय बमोजिम गठन हुनेछ ।

| | |
|---|---|
| “क” समूहका संस्थापक शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने गरी मनोनित वा निर्वाचित संचालकहरु | ४ जना |
| “ख” समूहका सर्वसाधारण शेयरधनीहरुको प्रतिनिधित्व गर्ने गरी निर्वाचित संचालकहरु | ३ जना |
| नेपाल राष्ट्र बैंकले कायम गरेको व्यवसायिक विशेषज्ञबाट मनोनित संचालक | १ जना |
| **जम्मा** | **८ जना** |

***नोट :*** *संस्थापक शेयरधनीहरुको तर्फबाट मनोनित वा निर्वाचित हुने संचालकहरुको निर्वाचनको हकमा संस्थापक समूहका शेयरधनीहरुले मात्र भाग लिई मतदान गर्न पाउनेछन् भने सर्वसाधारण शेयरधनीहरुको तर्फबाट निर्वाचित हुने संचालकहरुको निर्वाचनको हकमा सर्वसाधारण समूहका शेयरधनीहरुले मात्र भाग लिई मतदान गर्न पाउनेछन् । उपरोक्त व्यवस्था बमोजिम निर्वाचित/मनोनित संचालकहरुले आफु मध्येबाट बहुमतको आधारमा एक जना अध्यक्षको मनोनयन गर्नेछन् ।*

**संचालक हुनको लागि लिनुपर्ने न्यूनतम शेयर संख्या सम्बन्धी ब्यबस्था :**

यस डेभलपमेन्ट बैंकको नियमावलीको नियम २८ मा व्यवस्था भए अनुसार डेभलपमेन्ट बैंकको संचालक हुनका लागि यस डेभलपमेन्ट बैंकको कम्तिमा १०० (एक सय) कित्ता साधारण शेयर लिएको हुनुपर्नेछ । यस्तो शेयर लिने व्यक्तिले आफ्नो शेयर कुनै व्यहोराले कसैलाई धितोबन्धक दिएको वा राखेको हुनु हुँदैन । तर नेपाल राष्ट्र बैंकले कायम गरेको व्यवसायिक बिशेषज्ञ संचालक तथा संगठित संस्थाको प्रतिनिधित्व गर्ने गरी मनोनयन गरेको संचालकको हकमा त्यस्तो संचालकले व्यक्तिगत हैसियतले त्यस्तो शेयर लिन आवश्यक हुने छैन ।

**३.४.पूँजी संरचना सम्बन्धी जानकारी :**

**क) अधिकृत, जारी तथा चुक्ता पूँजी र संस्थाको स्थापना पश्चात सो मा परिवर्तन भएको भए तत्सम्बन्धी विवरण :**

**अधिकृत पूँजी**: यस डेभलपमेन्ट बैंकको अधिकृत पूँजी रु.५०,००,००,०००/–(अक्षेरुपी पचास करोड) रहेकोछ, जसलाई प्रति शेयर रु.१००/–का दरले जम्मा ५०,००,००० कित्ता साधारण शेयरमा विभाजन गरिएको छ ।

**जारी पूँजी**: यस डेभलपमेन्ट बैंकको जारी पूँजी रु.१०,००,००,०००/–(अक्षरेपी दश करोड) रहेकोछ, जसलाई प्रति शेयर रु.१००/– का दरले जम्मा १०,००,००० कित्ता साधारण शेयरमा विभाजन गरिएको छ ।

**चुक्ता पूँजी**: यस डेभलपमेन्ट बैंकको जारी भएका १०,००,००० कित्ता साधारण शेयरहरु मध्ये रु.५,५०,००,०००/–(अक्षरेपी पाँच करोड पचास लाख) बराबरको रु.१००/–दरको ५,५०,००० कित्ता साधारण शेयरहरु संस्थापक शेयरधनीहरुको नाममा बाँडफाँड भई जम्मा रु.५,५०,००,०००/–चुक्ता भुक्तान भईसकेको छ । यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयरको बाँडफाँड पश्चात डेभलपमेन्ट बैंकको चुक्ता पूँजी रु.१०,००,००,०००/–(अक्षरेपी दश करोड) हुनेछ ।

**अधिकृत, जारी तथा चुक्ता पूँजीमा भई आएको / परिवर्तन भएको भए तत्सम्बन्धी विवरण** : हाल सम्म परिवर्तन नभएको ।

**ख) निष्काशन पछिको चुक्ता पूँजी (समूहकृत गरिएको अवस्थामा सोही अनुरुप) :**

सर्वसाधारणलाई शेयर निष्काशन गरी बाँडफाँड गरे पश्चात हुने डेभलपमेन्ट बैंकको चुक्ता पूँजीको संरचना देहाय बमोजिम हुनेछ :

| समूह | शेयरधनी | शेयर कित्ता | पूंजी संरचना | चुक्ता रकम (रु.) | भुक्तानी प्रतिशत |
|---|---|---|---|---|---|
| क | संस्थापक शेयरधनीहरु | ५,५०,००० | ५५% | ५,५०,००,०००/– | शतप्रतिशत |
| ख | सर्वसाधारण शेयरधनीहरु (कर्मचारीहरु समेत) | ४,५०,००० | ४५% | ४,५०,००,०००/– | शतप्रतिशत |
| | **जम्मा** | १०,००,००० | १००% | १०,००,००,०००/– | |

ग) **शेयर प्रिमियम खाता (निष्काशन पूर्व र निष्काशन पश्चात)** : शेयर प्रिमियम खाताको ब्यबस्था नगरिएको ।

**३.५.संस्थापक/संचालक सम्बन्धी जानकारी :**

**३.५.१. संस्थापक/संचालकको पृष्ठभूमीः**

(क) **आधारभूत शेयरधनीहरु तथा संचालकहरुको नाम, पद, उमेर, राष्ट्रियता, ठेगाना, शेयर स्वामित्व, शैक्षिक योग्यता, अनुभव, र प्रस्तावित ब्यापार/ब्यवसायमा अनुभव :**

**आधारभूत शेयरधनीहरुको विवरण :**

| सि.नं. | नाम, ठेगाना | पद | उमेर (वर्ष) | राष्ट्रियता | शेयर स्वामित्व (कित्ता) | शैक्षिक योग्यता | अनुभव |
|---|---|---|---|---|---|---|---|
| १ | श्री दिप शंकर श्रेष्ठ<br>कालिका ४, बागलुङ । | संस्थापक | ४९ | नेपाली | १,५०,००० | एस.एल.सी | • विगत २५ वर्ष देखि होटल व्यवसाय |
| २. | श्री गणेश कुमार श्रेष्ठ<br>कालिका ५, बागलुङ । | अध्यक्ष | ६६ | नेपाली | ४९,५०० | स्नातक | **पूर्व अनुभव**<br>• विगत ४० साल यातायात व्यवसायमा संलग्न ।<br>**हाल कार्यरत**<br>• यातायात व्यवसाय<br>• ग्रीन डेभलपमेन्ट बैंक लि.मा अध्यक्ष |
| ३. | श्री कृष्ण शंकर श्रेष्ठ<br>बा.न.पा.३, बागलुङ । | संचालक | ६० | नेपाली | ३७,५०० | स्नातकोत्तर | **पूर्व अनुभव**<br>• २०३६ सालमा एक वर्ष सम्म बागलुङ जेसिसको संस्थापक महासचिव ।<br>• बागलुङ उद्योग वाणिज्य संघमा २०४८ साल देखि २०५२ साल सम्म महासचिव ।<br>• नेपाल रेडक्रस सोसाइटि वागलुङमा संचालक सदस्य २०३८ साल देखि २०४२ सम्म<br>• नेपाल परिवार नियोजन संघमा अध्यक्ष वि.सं २०५३ साल देखि २०६० सम्म ।<br>• एकता सहकारी संस्था लि.को अध्यक्ष वि.सं २०५६ साल देखि २०६९ सम्म ।<br>• **हाल कार्यरत**<br>• विगत ३५ वर्ष देखि कपडा तथा फेन्सी व्यवसाय ।<br>• ग्रीन डेभलपमेन्ट बैंक लि. मा संचालक । |
| ४. | श्री प्रयाश नारायण भारी<br>अर्थुङ्गे १, म्याग्दी । | संस्थापक | ५९ | नेपाली | ३०,००० | प्रमाणपत्र तह | विगत २० वर्ष देखि औषधि व्यवसाय मा संलग्न । |
| ५. | श्री श्याम प्रसाद श्रेष्ठ<br>कालिका ५, बागलुङ । | संस्थापक | ५२ | नेपाली | २८,००० | स्नातक | • विगत २५ वर्ष देखि घर जग्गा व्यवसाय |

**संचालकहरुको विवरण:**

| सि.नं. | नाम, ठेगाना | पद | उमेर (वर्ष) | राष्ट्रियता | शेयर स्वामित्व (कित्ता) | शैक्षिक योग्यता | अनुभव |
|---|---|---|---|---|---|---|---|
| १ | श्री गणेश कुमार श्रेष्ठ<br>कालिका ५, बागलुङ । | अध्यक्ष | ६६ | नेपाली | ४९,५०० | स्नातक | **पूर्व अनुभव**<br>● विगत ४० साल यातायात व्यवसायमा संलग्न ।<br>**हाल कार्यरत**<br>● यातायात व्यवसाय<br>● ग्रीन डेभलपमेन्ट बैंक लि.मा अध्यक्ष |
| २. | श्री कृष्ण शंकर श्रेष्ठ<br>बा.न.पा.३, बागलुङ । | संचालक | ६० | नेपाली | ३७,५०० | स्नातकोत्तर | **पूर्व अनुभव**<br>● २०३६ सालमा एक वर्ष सम्म बागलुङ जेसिसको संस्थापक महासचिव ।<br>● बागलुङ उद्योग वाणिज्य संघमा २०४८ साल देखि २०५२ साल सम्म महासचिव ।<br>● नेपाल रेडक्रस सोसाइटि वागलुङमा संचालक सदस्य २०३८ साल देखि २०४२ सम्म<br>● नेपाल परिवार नियोजन संघमा अध्यक्ष वि.सं २०५३ साल देखि २०६० सम्म ।<br>● एकता सहकारी संस्था लि.को अध्यक्ष वि.सं २०५६ साल देखि २०६९ सम्म ।<br>**हाल कार्यरत**<br>● विगत ३५ वर्ष देखि कपडा तथा फेन्सी व्यवसाय ।<br>● ग्रीन डेभलपमेन्ट बैंक लि. मा संचालक । |
| ३. | श्री नरेन्द्र रमण त्रिपाठी<br>लेखनाथ ८, कास्की । | संचालक | ५९ | नेपाली | १,००० | बि.एस.सी. (एग्री) | **पूर्व अनुभव**<br>● **कृषि विकास बैंकमा :**<br>- ऋण सहायक २०३४ साल देखि २०३५ साल सम्म ।<br>- प्रशाखा प्रवन्धक २०३६ साल देखि २०३८ साल सम्म ।<br>- ऋण अधिकृत २०३९ साल देखि २०४९ साल सम्म ।<br>- शाखा प्रवन्धक २०५० साल देखि २०६१ साल सम्म ।<br>- क्षेत्रिय प्रवन्धक २०६२ साल देखि २०६३ साल सम्म । |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | ● **व्यवस्थापन सम्वन्धि विभिन्न तालिमहरु प्राप्त ।**<br>● **हाल कार्यरत**<br>● ग्रीन डेभलपमेन्ट बैंकको सञ्चालक । |
| ४. | श्री शिव प्रसाद तिमिल्सिना पोखरा उ.न.पा.१६, कास्की । | संचालक | ६१ | नेपाली | २,००० | बि.ए. | **पूर्व अनुभव**<br>● कृषि विकास बैंकमा<br>- प्रशाखा प्रवन्धक २०३३ साल देखी २०४३ साल सम्म ।<br>- उपशाखा प्रवन्धक २०४३ साल देखि २०५२ साल सम्म ।<br>- शाखा प्रमुख र शाखा प्रवन्धक बि.सं. २०५२ देखि २०६३ साल सम्म ।<br>● **व्यवस्थापन सम्वन्धि विभिन्न तालिमहरु प्राप्त**<br>**हाल कार्यरत**<br>● ग्रीन डेभलपमेन्ट बैंकको संचालक । |
| ५. | श्री मनोविज्ञान श्रेष्ठ कालिका ५, बागलुङ । | संचालक | ४९ | नेपाली | ५,००० | स्नातक | **पूर्व अनुभव**<br>● विगत २२ वर्ष देखि कपडाको थोक तथा खुद्रा व्यापारमा संलग्न ।<br>**हाल कार्यरत**<br>● मनोविज्ञान स्टोर्सको प्रोपराईटर ।<br>ग्रीन डेभलपमेन्ट बैंक लि. मा सञ्चालक । |

(ख) **संस्थापकहरु कुनै कम्पनी/संस्था भएमा त्यस्तो कम्पनी/संस्थाको नाम तथा ठेगाना सहितको संक्षिप्त विवरण र उक्त कम्पनी/संस्थाका संचालकहरुको नाम, ठेगाना, (प्राकृतिक व्यक्ति नखुलेसम्म)** : सो नभएको ।

(ग) **संगठित संस्थाको संचालकहरु अन्य कुनै कम्पनी, संस्था, कोष, संगठनसँग आवद्ध भए त्यस्तो संचालक र आवद्ध भएको संस्थाको नाम, ठेगाना** :सो नभएको ।

(घ) **संस्थापक/संचालकको हक हस्तान्तरण बन्देज सम्बन्धी विवरण :**

क) नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृति नलिई डेभलपमेन्ट बैंकको शेयर कुनै विदेशी बैंक वा वित्तीय संस्थालाई बिक्री वा हस्तान्तरण गरिने छैन ।

ख) नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृति नलिई संस्थापक र सर्वसाधारण समूहको शेयर स्वामित्व अनुपातमा परिवर्तन गर्न पाईने छैन।

ग) डेभलपमेन्ट बैंकले कारोबार संचालन गरेको पाँच वर्ष नपुगसम्म सो संस्थाको संस्थापकले आफ्नो शेयर बिक्री वा धितोबन्धक राख्न पाउने छैन र उक्त अवधिपछि त्यस्तो शेयर बिक्री गर्दा वा धितोबन्धक राख्नु पर्दा नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृति लिनु पर्नेछ। यस व्यवस्था बमोजिम डेभलपमेन्ट बैंकले कारोबार संचालन गरेको पाँच वर्ष नपुगे तापनि डेभलपमेन्ट बैंकको संचालनमा कुनै बाधा व्यवधान उत्पन्न भई विशेष परिस्थितिको सृजना हुन गएमा नेपाल राष्ट्र बैंकको स्वीकृति लिई संस्थापकहरुका बीचमा शेयर खरिद बिक्री गर्न सकिनेछ ।

तर, त्यसरी हक छोड्दा वा हस्तान्तरण गर्दा पहिलो प्राथमिकता जुन समूहको शेयर हो सोही समूहका शेयरधनीहरूलाई दिनु पर्नेछ । यसरी शेयर बिक्री गर्दा एक भन्दा बढी शेयरधनीले शेयर खरीद गर्न चाहेमा निजले धारण गरेको शेयरको अनुपातमा वितरण गर्नु पर्नेछ । सो समूहका कुनै पनि संस्थापक शेयरधनीले शेयर लिने इच्छा नगरेमा मात्र त्यस्तो शेयर नेपाल राष्ट्र बैंकको स्वीकृति लिई संचालक समितिको निर्णय बमोजिम अन्य व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई बिक्री गर्न सकिनेछ ।

घ) कुनै संस्थापक शेयरधनीको मृत्यु भएमा वा प्रचलित कानून बमोजिम पारिवारिक अंशबण्डा भएमा वा अदालतको आदेशले निजको शेयर हकवालामा नामसारी हुने भएमा खण्ड (ग) को बन्देज लागू हुने छैन ।

ङ) सर्वसाधारणले शेयर खरिद गर्दा १० अंकले भाग गर्दा शेष नरहने गरी न्यूनतम ५० (पचास) कित्ता शेयर वा अधिकतममा १०,००० (दश हजार) कित्ता शेयर खरिद गर्नको लागि आवेदन गर्न सकिनेछ । तर हकप्रद शेयर र बोनस शेयरको हकमा यो बन्देज लागू हुने छैन ।

च) डेभलपमेन्ट बैंकका संचालक, कार्यकारी प्रमुख, लेखापरीक्षक, कम्पनी सचिव वा डेभलपमेन्ट बैंकको व्यवस्थापन तथा लेखा सम्बन्धी कार्यमा प्रत्यक्ष रुपले संलग्न व्यक्तिले त्यस्तो पदमा बहाल रहंदाको वखत वा त्यस्तो पदबाट अवकाश प्राप्त गरेको कम्तीमा एक वर्षसम्म डेभलपमेन्ट बैंक वा त्यसको सहायक कम्पनीको शेयर आफ्नो वा आफ्नो परिवारको नियन्त्रणमा रहेको फर्म, कम्पनी वा डेभलपमेन्ट बैंकको नाममा खरिद बिक्री गर्न, गराउन, गर्न दिन, धितोबन्धक राख्न, राख्न लगाउन वा दान बकस लिन, दिन वा लेनदेन गर्न हुँदैन । तर नयाँ शेयर जारी गरेको अवस्थामा यो प्रतिवन्ध लागु हुने छैन ।

छ) कसैले खण्ड (च) को विपरित काम गरेमा त्यस्तो शेयर डेभलपमेन्ट बैंकले जफत गर्नेछ र त्यसरी जफत भएको शेयर संचालक समितिले उचित ठहऱ्याएको किसिमबाट बिक्री बितरण गर्न सक्नेछ ।

ज) यस डेभलपमेन्ट बैंकका साविकका शेयरधनीहरुले प्राप्त गरेको हकप्रद शेयर खरिद गर्न पाउने सम्पूर्ण वा आंशिक हक अन्य व्यक्तिलाई सम्बन्धित ऐन, कानून, नियम विनियममा भएको वा गरिने ब्यबस्था बमोजिम आफ्नो हकप्रद शेयर खरिदको हक हस्तान्तरण गर्न सक्नेछन् ।

झ) शेयर खरिद वा हस्तान्तरण गर्न बन्देज सम्बन्धी अन्य व्यवस्था बैंक तथा वित्तीय संस्था ऐन, २०६३, कम्पनी ऐन, २०६३ र धितोपत्र कारोवार सम्बन्धी कानून तथा अन्य प्रचलित कानूनमा उल्लेख भए बमोजिम हुनेछ ।

ञ) "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०६५" को नियम (१०) को उपनियम (१) मा भएको व्यवस्था अनुरुप धितोपत्र सार्वजनिक निष्काशन गर्न सक्ने गरी संस्थापित संगठित संस्थाका सर्वसाधारण बाहेक अन्य समूह (संस्थापक र अन्य समूह) ले लिएको शेयर सार्वजनिक निष्काशन गरेको शेयर बाँडफाँड भएको मितिले तीन बर्षको अवधि पूरा नभई बिक्री गर्न पाइने छैन ।

**३.५.२.संस्थापक/संचालक सँगको कारोबार :**

**क) संगठित संस्थाबाट कुनै संस्थापक/संचालकले प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कुनै वस्तु वा सुविधा (आर्थिक वा गैरआर्थिक) प्राप्त गरेका वा प्राप्त गर्ने भएमा त्यस्तो वस्तु वा सुविधाको प्रकृति र मूल्य र त्यस्तो सुविधा दिए बापत संगठित संस्थाले कुनै सम्पत्ति, सेवा प्राप्त गरेको वा गर्ने भएमा तत्सम्बन्धी विवरण** :नभएको ।

**ख)बुँदा (ख) (क) मा उल्लेखित बस्तु वा सुविधाको मूल्य निर्धारण गर्न अपनाइएको तरिका** :नभएको ।

**३.६.सीमित दायित्व सम्बन्धी विवरण :**

यो डेभलपमेन्ट बैंक कम्पनी ऐन, २०६३ तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ अन्तर्गत स्थापित तथा सञ्चालित पब्लिक लिमिटेड कम्पनी हो । यसमा शेयरवालाहरुको दायित्व सीमित छ । यस डेभलपमेन्ट बैंकका शेयरवालाको दायित्व निजले खरिद गरेको वा खरिद गर्न कबोल गरेको शेयरको अधिकतम रकमसम्म मात्र सीमित रहनेछ ।

**३.७.संगठित संस्थाको कर्मचारी सम्बन्धी विवरण :**

**३.७.१.संगठित संस्थाको उच्च ब्यबस्थापकीय तहका अधिकृत कर्मचारीहरु सम्बन्धी विवरण :**

**क) संगठित संस्थाको उच्च ब्यबस्थापकीय तहका कर्मचारीको नाम, योग्यता, नियुक्ति भएको मिति, पहिले काम गरेको अनुभव तथा संगठित संस्थाको शेयर लिएको भए शेयर संख्या सम्बन्धी विवरण । साथै त्यस्तो कर्मचारीहरु अन्य कुनै सूचिकृत संगठित संस्थाको आधारभूत शेयरधनी भए वा अन्य कुनै संगठित संस्थामा लगानी गरेको भए उक्त संगठित संस्थाको नाम र लगानी गरेको रकम खुलाउनु पर्ने ।**

(१) नाम : श्री प्रकाश कुमार श्रेष्ठ
योग्यता : एम.बि.ए.
नियुक्ति भएको मितिः २०६९/११/१ गते
अनुभव : ग्रीन डेभलपमेन्ट बैंकमा ३ वर्ष देखि प्रमुख कार्यकारी अधिकृत, लर्ड बुद्ध फाईनान्स लि.मा करिव ५वर्ष प्रमुख कार्यकारी अधिकृत, लुम्बिनी बैंक लि.मा करिव ८ वर्ष प्रवन्धक तथा मूख्य प्रवन्धक, युनियन फिनान्स लि.मा करिव ३ वर्ष मार्केटिङ्ग तथा क्रेडिट एक्जुक्यूटिभको रुपमा कार्यरत भएको ।
संगठित संस्थाको शेयर लिएको शेयर संख्या : नभएको ।
अन्य सूचिकृत संगठित संस्थाको आधारभूत शेयरधनी भए वा अन्य कुनै संगठित संस्थामा लगानी भए संगठित संस्थाको नाम र लगानी गरेको रकम : नभएको ।

(२) नाम : श्री दिपेन्द्र शर्मा
योग्यता : बि.बि.एस.
नियुक्ति भएको मिति : २०७१/०६/०१ गते
अनुभव : युनिक वचत तथा ऋण सहकारी संस्था म्याग्दीमा प्रबन्धकको पदमा रही करिब १.५ बर्ष कार्य गरेको अनुभव । पश्चिमाञ्चल फाईनान्स कम्पनी म्याग्दी शाखामा ऋण सहायक पदमा रही करिव २.५ बर्ष कार्य गरेको अनुभव । गण्डकी विकास बैंकमा सहायक पाँचौ तहको पदमा रही करिव ३ वर्ष कार्य गरेको अनुभव ।
संगठित संस्थाको शेयर लिएको शेयर संख्या : नभएको ।
अन्य सूचिकृत संगठित संस्थाको आधारभूत शेयरधनी भए वा अन्य कुनै संगठित संस्थामा लगानी भए संगठित संस्थाको नाम र लगानी गरेको रकम : नभएको ।

(३) नामः श्री सुदिप राजभण्डारी
योग्यताः आई.ए.
नियुक्ति भएको मिति : २०६९/११/१ गते
अनुभव : ग्रीन डेमलपमेन्ट बैंकमा ३ वर्ष देखि सुपरिवेक्षक, काष्ठमण्डप विकास बैंकमा करिब ३.५ बर्ष सहायक पदमा रही कार्य गरेको अनुभव ।
संगठित संस्थाको शेयर लिएको शेयर संख्या : नभएको ।
अन्य सूचिकृत संगठित संस्थाको आधारभूत शेयरधनी भए वा अन्य कुनै संगठित संस्थामा लगानी भए संगठित संस्थाको नाम र लगानी गरेको रकम : नभएको ।

(४) नाम : सुश्री निशा थापा
योग्यताः आई.कम
नियुक्ति भएको मितिः २०७०/०२/०१ गते
अनुभव : ग्रीन डेभलपमेन्ट बैंकमा २ वर्ष देखि सहायक र वरिष्ठ सहायक, आर.एस कन्स्ट्रक्सन प्रा.लि मा करिब ४ बर्ष लेखापालको पदमा रही कार्य गरेको अनुभव ।
संगठित संस्थाको शेयर लिएको शेयर संख्याः नभएको ।
अन्य सूचिकृत संगठित संस्थाको आधारभूत शेयरधनी भए वा अन्य कुनै संगठित संस्थामा लगानी भए संगठित संस्थाको नाम र लगानी गरेको रकमः नभएको ।

(५) नामः सुश्री अनिता घिमिरे
योग्यताः बि.सि.ए.
नियुक्ति भएको मिति : २०७१/१०/१ गते
अनुभव : ग्रीन डेभलपमेन्ट बैंकमा १ वर्ष देखि सहायक, मण्डला सिस्टम प्रा.लि मा २ वर्ष सफ्टवयर डेभलपरको पदमा रही कार्य गरेको अनुभव ।
संगठित संस्थाको शेयर लिएको शेयर संख्या : नभएको ।
अन्य सूचिकृत संगठित संस्थाको आधारभूत शेयरधनी भए वा अन्य कुनै संगठित संस्थामा लगानी भए संगठित संस्थाको नाम र लगानी गरेको रकम : नभएको ।

ख) **विवरणपत्र बोर्डमा प्रस्तुत गर्नु भन्दा १ बर्ष अगाडिको अवधिमा नियम अनुसार अवकाश प्राप्त भएको अवस्था बाहेक संगठित संस्थाको उच्च ब्यवस्थापकीय तहमा रहेका कुनै कर्मचारी परिवर्तन भएमा सो सम्बन्धी विवरण उल्लेख गर्नु पर्ने :** सो नभएको ।

ग) **कर्मचारी संख्या :**

| स्थायी | अस्थायी | करार | ज्यालादारी | जम्मा कर्मचारी संख्या |
|---|---|---|---|---|
| १५ | – | ७ | २ | २४ |

**३.७.२.संचालक एवं उच्च ब्यवस्थापकीय तहका अधिकृतलाई दिएको भत्ता तथा पारिश्रमिक सम्बन्धी विवरण :**

क) **संचालक समितिको अध्यक्ष लगायत अन्य सदस्यहरुलाई प्रदान गरिने वा गरिएको बैठक भत्ताको दर तथा निजहरुलाई प्रदान गरिने वा गरिएको दैनिक तथा भ्रमण भत्ता र अन्य सुविधा :**

१. दैनिक कार्य संचालनमा कार्यकारी प्रमुखको हैसियतले प्रत्यक्ष रुपमा संलग्न संचालकले मासिक रु.२५,०००/– पाउनेछ र स्वदेश तथा बिदेशको भ्रमण खर्च टिकट बमोजिमको वास्तविक खर्च भएको रकमको आधारमा भुक्तानी दिइनेछ ।
२. संचालक समितिको बैठकमा उपस्थित भए बापत अध्यक्ष र अन्य संचालकले पाउने प्रति बैठक भत्ता रु.२,०००/– हुनेछ ।
२. डेभलपमेन्ट बैंकको कामको सिलसिलामा संचालकलाई प्रदान गरिने दैनिक तथा भ्रमण भत्ता देहाय बमोजिम हुनेछ :

– स्वदेशमा दैनिक भत्ता : रु.१,०००/–
– भारतमा दैनिक भत्ता : भा.रु.१०००/–
– भारत वाहेकका अन्य विदेशी मुलुकमा दैनिक भत्ता : यु.एस.ड.२५०/–
– भ्रमण भत्ता तथा होटल खर्च विल बमोजिम छ ।

३. अन्य सुविधा यस डेभलपमेन्ट बैंकको नियमावली बमोजिम हुनेछ ।

**ख) संगठित संस्थाको उच्च व्यबस्थापकिय तहका तीन जना अधिकृतहरुको नाम र पद र एक आर्थिक बर्षको अवधि भित्र उनीहरुलाई पारिश्रमिकको रुपमा भुक्तान गरिएको रकम :**

| सि.नं. | कर्मचारीको नाम | पद | एक आर्थिक बर्षको अवधि भित्र पारिश्रमिकको रुपमा भुक्तान गरिएको रकम | अवधि |
|---|---|---|---|---|
| १. | श्री प्रकाश कुमार श्रेष्ठ | प्रमुख कार्यकारी अधिकृत | रु.१५,०६,९२०।०० | आ.ब.०७१/०७२ |
| २. | श्री दिपेन्द्र शर्मा | कनिष्ठ सहायक | रु.२,५५,५९७।२८ | आ.ब.०७१/०७२ |
| ३. | श्री सुदिप राजभण्डारी | सुपरभाइजर | रु.२,९७,४१५।४३ | आ.ब.०७१/०७२ |

**ग) कुनै अधिकृत वा संचालकलाई भविष्यको लागि कुनै रकम प्रदान गरिने गरी करार गरिएको भए सो सम्बन्धी विवरण :**
हाल सम्म त्यस्तो कुनै करार गरिएको छैन ।

३.८. अर्न्तनिहित जोखीम तथा सो को व्यवस्थापनको लागी व्यवस्थापनको धारणा :

**संगठित संस्थाले बहन गरेको वा गर्ने जोखीम स्पष्ट रुपमा उल्लेख गर्नु पर्ने । यस सन्दर्भमा जोखीमहरुलाई संगठित संस्थाको आन्तरिक वा व्यवसाय/परियोजनासँग प्रत्यक्ष अथवा संगठित संस्थाको नियन्त्रण भन्दा बाहिरको भनी बर्गिकरण गरी प्रमुख रुपमा देहायको जोखीमको विश्लेषण गर्नु पर्ने ।**

(क) **वित्तीय साधनको अभावबाट हुने जोखीमः**
१.निक्षेप तथा कर्जाको व्याजदरमा आउने परिवर्तनबाट हुन सक्ने जोखिमहरु ।
२.नेपालको बजारमा हुने आर्थिक मन्दीबाट पर्न सक्ने असरबाट हुन सक्ने आर्थिक जोखिमहरु ।

(ख) **कच्चा पदार्थको अभावबाट हुने जोखीम :** लागु नहुने ।

(ग) **उत्पादन तथा सेवाको बजार स्थिति र यसमा आउने परिवर्तनबाट हुने जोखीम :**
१.नयाँ बैंक तथा वित्तीय संस्थाहरुको प्रवेशबाट उत्पन्न हुने प्रतिस्पर्धाबाट हुन सक्ने जोखिमहरु ।
२.देशको आर्थिक अवस्थामा आउने उतार चढावबाट हुन सक्ने जोखिमहरु ।

(घ) **आयोजना सम्पन्न हुन ढिलाई हुने सम्भावना र त्यसबाट हुने मूल्य अभिबृद्धि (cost overrun) को जोखीम** :लागु नहुने ।

(ङ) **विदेशी विनिमयको जोखिमः**देशको बैदेशिक व्यापार नीतिमा हुन सक्ने परिवर्तन तथा विदेशी मुद्राको विनिमय दरमा घट्बढ भई उत्पन्न हुन सक्ने सम्भावित जोखिमहरु ।

(च) **कानूनी प्रकृयाहरु तथा ईजाजत प्राप्त गर्नु पर्ने सो बाट पर्न सक्ने अवरोधहरु :** लागु नहुने ।

(छ) **क्षेत्रीयकरण र विश्वव्यापीकरण (Globalization) का कारणबाट उत्पन्न हुन सक्ने जोखीम :** अन्तर्राष्ट्रिय बजारमा हुने आर्थिक मन्दीबाट पर्न सक्ने असरबाट हुन सक्ने आर्थिक जोखिमहरु ।

(ज) **सरकारी नीति तथा नियमहरुमा हुने परिवर्तन तथा विश्वव्यापी रुपमा हुने नीतिगत परिवर्तनबाट हुने जोखीमः**
१.नेपाल सरकार तथा नेपाल राष्ट्र बैंकको आर्थिक तथा वित्तीय नीति नियममा हुने परिवर्तनबाट श्रृजना हुन सक्ने जोखिमहरु ।
२.देशको मौद्रिक नीति लगायत नेपाल राष्ट्र बैंकले जारी गर्ने नियम निर्देशनको अप्रत्याशित परिवर्तनबाट सिर्जना हुने सम्भावित जोखिमहरु ।

(झ) **संचालन इतिहासको अभाव :** मिति २०७०/५/९ गते देखि डेभलपमेन्ट बैंकले आफ्नो वित्तीय कारोवार संचालन गरेकोले यस डेभलपमेन्ट बैंकको संचालन इतिहास करिव २ बर्षको रहेकोछ ।

(ञ) **प्रविधिको परिवर्तनबाट हुने सक्ने जोखिम** : नयाँ प्रविधिको विकाससंगै डेभलपमेन्ट बैंकले प्रयोग गर्ने इन्टरनेटमा आधारित बैंकिङ्ग/वित्तीय लगायतका प्रविधिमा हुने खरावीले पर्न सक्ने संचालन तथा साखः सम्बन्धि जोखिम ।

(ट) **अन्य :**
१. डेभलपमेन्ट बैंकले प्रदान गरेको कर्जा तथा सापट खराब कर्जामा परिणत हुन गएमा हुने जोखिम ।
२. देशको राजनैतिक अस्थिरताबाट आउन सक्ने जोखिमहरु ।
३. पूँजी बजारको अवस्थामा आउने उतार चढावबाट पर्न सक्ने जोखिमहरु ।
४. डेभलपमेन्ट बैंकले सरकारी तथा गैर सरकारी धितोपत्रहरुमा लगानी गरेकोले त्यस्तो लगानीमा हुने मूल्य परिवर्तनको जोखिम।

**सम्भावित आर्थिक जोखिमहरुलाई न्यूनीकरण गर्न व्यवस्थापनले निम्न उपायहरु अवलम्वन गर्दै जानेछ ।**

डेभलपमेन्ट बैंकको कर्जा तथा लगानी खराव भई हुन सक्ने जोखिमहरुको लागि डेभलपमेन्ट बैंकले कर्जा तथा लगानीको लागि जोखिम ब्यहोर्ने कोषको ब्यबस्था गरेको छ । डेभलपमेन्ट बैंकले वित्त बजारमा हुने प्रतिस्पर्धाको लागि जनशक्ति बिकासमा ध्यान पुर्‍याउनुको साथै अन्य ब्यवसायिक जोखिमहरुबाट सिर्जना हुन सक्ने हानी नोक्सानीको लागि व्यवस्थापन चनाखो भई

सम्भावित हानी नोक्सानी कम गर्न सक्षम र प्रतिवद्ध रहेको छ । त्यस्तै अन्य विभिन्न जोखिमहरु न्यूनीकरणका लागि प्रभावकारी आन्तरिक नियन्त्रण प्रणाली, समयानुसारको आधुनिक प्रविधि, स्पष्ट नीति तथा नियमहरुको निर्माण एवं समयानुसार आफ्नो सेवा तथा सुविधाहरुमा परिवर्तन गर्दै लगिने डेभलपमेन्ट बैंकको नीति रहेको छ ।

**धितोपत्र मूल्य परिवर्तन सम्बन्धि जोखिम :**

रु.१००/–प्रति शेयरका दरले निष्काशन गरिएको शेयर मूल्यले सूचीकरण पश्चात् नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा हुने कारोवार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुन सक्ने परिवर्तनको जोखिम रहेको छ ।

## ३.९.वित्तीय विवरण :

### ३.९.१.वित्तीय विवरण र तत्सम्बन्धमा ब्यबस्थापनको धारणा र विश्लेषण :

**क) संगठित संस्थाको लेखापरिक्षण भएको पछिल्लो आर्थिक बर्षको वासलात, नाफा नोक्सान हिसाब, नाफा नोक्सान हिसाव बाँडफाँट, नगद प्रवाह विवरण:**

आ.ब.०७१/०७२ को लेखापरिक्षण भई नेपाल राष्ट्र बैंक तथा बार्षिक साधारण सभाबाट स्वीकृत वित्तीय विवरणहरु देहाय बमोजिम रहेको छ ।

**वासलात**

| पूँजी तथा दायित्व | रकम (रु.हजारमा) |
|---|---|
| १. शेयर पूँजी | ५५,००० |
| २. जगेडा तथा कोषहरु | (९,४९३) |
| ३. ऋणपत्र तथा बण्ड | – |
| ४. तिर्न बाँकी कर्जा सापट | – |
| ५. निक्षेप दायित्व | २५०,५०० |
| ६. भुक्तानी दिनु पर्ने बिलहरु | – |
| ७. प्रस्तावित तथा भुक्तानी दिन बाँकी लाभांश | – |
| ८. आयकर दायित्व | – |
| ९. अन्य दायित्व | १,९९९ |
| **कुल पूँजी तथा दायित्व** | **२९८,००६** |
| **सम्पत्ति** | **रकम (रु.हजारमा)** |
| १. नगद मौज्दात | ४,९१० |
| २. नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | २६ |
| ३. बैक/बित्तीय संस्थामा रहेको मौज्दात | ८०,०३१ |
| ४. माग तथा अल्प सुचनामा प्राप्त हुने रकम | – |
| ५. लगानी | – |
| ६. कर्जा सापट तथा बिल खरिद | २०४,२७३ |
| ७. स्थिर सम्पत्ति | ६,२९७ |
| ८. गैर बैंकिङ्ग सम्पत्ति | – |
| ९. अन्य सम्पत्ति | २,४६९ |
| **कुल सम्पत्ति** | **२९८,००६** |

**नाफा नोक्सान हिसाव**

| विवरण | रकम (रु.हजारमा) |
|---|---|
| १. ब्याज आम्दानी | १८,२६८ |
| २. ब्याज खर्च | ११,७५५ |
| **खुद ब्याज आम्दानी** | **६,५१३** |
| ३. कमिशन तथा डिस्काउण्ट | ८९ |
| ४. अन्य संचालन आम्दानी | २,१४३ |
| ५. सटही घटबढ आम्दानी | – |
| **कुल संचालन आम्दानी** | **८,७४५** |
| ६. कर्मचारी खर्च | ५,३१८ |
| ७. अन्य संचालन खर्च | ४,९११ |

| | |
|---|---|
| ८. सटही घटबढ नोक्सान | – |
| **सम्भावित नोक्सनी ब्यबस्था अघिको संचालन मुनाफा** | (१,४८४) |
| ९. सम्भावित नोक्सानी | १,२७२ |
| **संचालन मुनाफा/(नोक्सान)** | (२,७५५) |
| १०.गैर संचालन आम्दानी/(नोक्सान) | – |
| ११.सम्भावित नोक्सानी ब्यबस्थाबाट फिर्ता | – |
| **नियमित कारोवारबाट भएको मुनाफा** | (२,७५५) |
| १२.असामान्य कारोवारबाट भएको मुनाफा/(खर्च) | – |
| अनुदान प्राप्त सम्पत्तिको ह्रास कट्टी रकम आम्दानी | – |
| **सम्पूर्ण कारोवार समावेश पछिको खुद नाफा** | (२,७५५) |
| १३.कर्मचारी बोनस व्यवस्था | – |
| १४.आयकर ब्यबस्था | ३ |
| यस वर्षको | – |
| गत वर्षको | – |
| पर सारिएको आयकर आम्दानी/(खर्च) | (३) |
| **खुद मुनाफा/(नोक्सान)** | (२,७५८) |

**नाफा नोक्सान बाँडफाँड हिसाब**

| विवरण | रकम (रु.हजारमा) |
|---|---|
| **आम्दानी** | |
| १. गत वर्षसम्मको संचित मुनाफा | – |
| २. यस वर्षको मुनाफा | – |
| ३. सटही घटबढ कोष | - |
| ४. शेयर प्रिमियम | – |
| **जम्मा** | – |
| **खर्च** | |
| १. गत वर्षसम्मको संचित नोक्सान | ६,७३५ |
| २. यस वर्षको नोक्सान | २,७५८ |
| ३. साधरण जगेडा कोष | – |
| ४. भैपरी आउने जगेडा (पर सारेको कर) | – |
| ५. संस्था विकास कोष | – |
| ६. लाभांश समीकरण कोष | – |
| ७. कर्मचारी सम्बन्धी जगेडाहरु | – |
| ८. प्रस्तावित लाभांश | – |
| ९. प्रस्तावित बोनस शेयर जारी | – |
| १०. विशेष जगेडा कोष | – |
| ११. सटही घटबढ कोष | – |
| १२. पूँजी फिर्ता जगेडा कोष | – |
| १३. पूँजी समायोजन कोष | – |
| १४. अन्य (स्थगन कर जगेडा) | – |
| १५. लगानी समायोजन कोष | – |
| **जम्मा** | ९,४९३ |
| **सञ्चित मुनाफा/(नोक्सान)** | (९,४९३) |

**नगद प्रवाह विवरण**

| विवरण | रकम (रु. हजारमा) |
|---|---|
| **क) कारोबार सञ्चालनबाट नगद प्रवाह** | **४५,१०६** |
| **१. नगद प्राप्ति** | **२०,५००** |
| १.१ ब्याज आम्दानी | १८,२६८ |
| १.२ कमिशन तथा डिष्काउण्ट आम्दानी | ८९ |
| १.३ विदेशी विनिमय कारोबारबाट आम्दानी | – |
| १.४ अपलेखित कर्जाको असूली | – |
| १.५ अन्य आम्दानी | २,१४३ |
| **२. नगद भुक्तानी** | (२०,१०९) |
| २.१. ब्याज खर्च | (११,३६९) |
| २.२ कर्मचारी खर्च | (५,३१८) |
| २.३ कार्यालय संचालन खर्च | (३,४०७) |
| २.४ आयकर भुक्तानी | (१६) |
| २.५ अन्य खर्च | – |
| **कार्यगत पूँजी गतिविधि अधिको नगद प्रवाह** | **३९१** |
| सञ्चालन सम्बन्धि चालु सम्पतिमा कमी/(बृद्धि) | **(१२८,२०६)** |
| १. माग तथा अल्प सुचनामा प्राप्त हुने रकममा कमी/(बृद्धि) | - |
| २. अन्य अल्पकालीन लगानीमा कमी/(बृद्धि) | - |
| ३. कर्जा तथा विल्स खरीदमा कमी/(बृद्धि) | (१२८,६९७) |
| ४. अन्य सम्पत्तिमा कमी/(बृद्धि) | ४९१ |
| **सञ्चालन सम्बन्धि चालु दायित्वमा कमी/(बृद्धि)** | **१७२,९२१** |
| १. निक्षेप दायित्वमा कमी बृद्धि | १७२,३३५ |
| २. सर्टिफिकेट अफ डिपोजितमा (कमी)/बृद्धि | - |
| ३. अल्पकालीन सापटीमा (कमी)/बृद्धि | – |
| ४. अन्य दायित्वमा (कमी)/बृद्धि | ५८६ |
| ५. लाभांस भुक्तानी | – |
| **ख) लगानी कारोबारमा नगद प्रवाह** | **(२,३४५)** |
| १. दीर्घकालीन लगानीमा कमी/(बृद्धि) | – |
| २. स्थिर सम्पतिमा कमी/(बृद्धि) | (२,३४५) |
| ३. दीर्घकालीन लगानीमा ब्याज आम्दानी | - |
| ४. लाभाशं आम्दानी | - |
| ५. अन्य | - |
| **ग) वित्तीय कारोबारबाट नगद प्रवाह** | **–** |
| १. दीर्घकालीन ऋण (बण्ड, डिबेञ्चर आदि) मा बृद्धि/(कमी) | - |
| २. शेयर पूँजीमा बृद्धि/(कमी) | - |
| ३. अन्य दायित्वमा बृद्धि/(कमी) | - |
| ४. नेपाल राष्ट्र बैंकबाट प्राप्त सहुलियत/पुनरकर्जामा बृद्धि/(कमी) | - |
| **घ) नगद तथा बैंक मौज्दातको विनिमय दरमा भएको फरकबाट आम्दानी/खर्च** | **–** |
| **ङ) यस वर्षको सम्पूर्ण गतिविधिबाट नगद प्रवाह** | ४२,७६१ |
| **च) नगद तथा बैंकमा रहेको शुरुको मौज्दात** | ४२,२०६ |
| **छ) नगद तथा बैंकमा रहेको अन्तिम मौज्दात** | ८४,९६७ |

(ख) सञ्चालन अवधि तीन बर्ष ब्यतीत भैसकेको अवस्थामा विगत तीन बर्षको र तीन बर्ष ब्यतीत भैनसकेको अवस्थामा सञ्चालन अवधिभरको लेखापरिक्षण भएको नाफा नोक्सान, वासलात सहितको संक्षिप्त वित्तीय विवरण (सहायक कम्पनी भए समष्टिकृत रुपमा) :

**वासलात**

| पूँजी तथा दायित्व | वास्तविक (रु. हजारमा) | |
|---|---|---|
| | आ.ब.०७०/०७१ | आ.ब.०७१/०७२ |
| १. शेयर पूँजी | ५५,००० | ५५,००० |
| २. जगेडा तथा कोषहरु | (६,७३५) | (९,४९३) |
| ३. ऋणपत्र तथा बण्ड | – | – |
| ४. तिर्न बाँकी कर्जा सापट | – | – |
| ५. निक्षेप दायित्व | ७८,१६६ | २५०,५०० |
| ६. भुक्तानी दिनु पर्ने बिलहरु | – | – |
| ७. प्रस्तावित तथा भुक्तानी दिन बाँकी लाभांश | – | – |
| ८. आयकर दायित्व | – | – |
| ९. अन्य दायित्व | १,०२७ | १,९९९ |
| **कुल दायित्व** | **१२७,४५८** | **२९८,००६** |
| **सम्पत्ति** | **वास्तविक (रु. हजारमा)** | |
| | आ.ब.०७०/०७१ | आ.ब.०७१/०७२ |
| १. नगद मौज्दात | ४,८५० | ४,९१० |
| २. नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | २६ | २६ |
| ३. बैक /बित्तीय संस्थामा रहेको मौज्दात | ३७,३३० | ८०,०३१ |
| ४. माग तथा अल्प सुचनामा प्राप्त हुने रकम | – | – |
| ५. लगानी | – | – |
| ६. कर्जा सापट तथा बिल खरिद | ७६,८४७ | २०४,२७३ |
| ७. स्थिर सम्पत्ति | ५,३७९ | ६,२९७ |
| ८. गैर बैंकिङ्ग सम्पत्ति | – | – |
| ९. अन्य सम्पत्ति | ३,०२५ | २,४६९ |
| **कुल सम्पत्ति** | **१२७,४५८** | **२९८,००६** |

**नाफा नोक्सान हिसाव**

| विवरण | वास्तविक (रु. हजारमा) | |
|---|---|---|
| | आ.ब.०७०/०७१ | आ.ब.०७१/०७२ |
| १ ब्याज आम्दानी | ५,१०८ | १८,२६८ |
| २ ब्याज खर्च | ३,०५९ | ११,७५५ |
| **खुद ब्याज आम्दानी** | **२,०४९** | **६,५१३** |
| ३. कमिशन तथा डिस्काउण्ट | २८ | ८९ |
| ४. अन्य संचालन आम्दानी | १,०७० | २,१४३ |
| ५. सटही घटबढ आम्दानी | – | – |
| **कुल संचालन आम्दानी** | **३,१४७** | **८,७४५** |
| ६. कर्मचारी खर्च | ४,४९१ | ५,३१८ |
| ७. अन्य संचालन खर्च | ४,४७२ | ४,९११ |
| ८. सटही घटबढ नोक्सान | – | – |
| **सम्भावित नोक्सनी ब्यबस्था अघिको संचालन मुनाफा** | **(५,८१५)** | **(१,४८४)** |
| ९. सम्भावित नोक्सानी | ७७६ | १,२७२ |

| | | |
|---|---|---|
| **संचालन मुनाफा/(नोक्सान)** | (६,५९२) | (२,७५५) |
| १०.गैर संचालन आम्दानी/(नोक्सान) | - | - |
| ११.सम्भावित नोक्सानी व्यबस्थाबाट फिर्ता | - | - |
| **नियमित कारोवारबाट भएको मुनाफा** | (६,५९२) | (२,७५५) |
| १२.असामान्य कारोवारबाट भएको मुनाफा/(खर्च) | - | - |
| अनुदान प्राप्त सम्पत्तिको ह्रास कट्टी रकम आम्दानी | - | - |
| **सम्पूर्ण कारोवार समावेश पछिको खुद नाफा** | (६,५९२) | (२,७५५) |
| १३.कर्मचारी बोनस व्यवस्था | - | - |
| १४.आयकर व्यबस्था | १४३ | ३ |
| यस वर्षको | - | - |
| गत वर्षको | - | - |
| पर सारिएको आयकर आम्दानी / (खर्च) | (१४३) | (३) |
| **खुद मुनाफा/(नोक्सान)** | (६,७३५) | (२,७५८) |
| शेयर संख्या (हजारमा) | ५५० | ५५० |
| प्रति शेयर आम्दानी (रु.) | (१२.२४) | (५.०२) |

(ग) **आर्थिक बर्ष समाप्त भएको ६ महिना पश्चात विवरणपत्र स्वीकृतीको लागि पेश गरेमा उक्त अन्तरिम अवधिको लागि लेखापरिक्षक बाट प्रमाणित गरेको अपरिष्कृत वित्तीय विवरण** : २०७२ श्रावण १ गते देखि २०७२ पौष मसान्त सम्मको वित्तीय विवरण देहाय बमोजिम रहेको छ :

**वासलात**

| पूँजी तथा दायित्व | रकम (रु. हजारमा) |
|---|---|
| १. शेयर पूँजी | ५५,००० |
| २. जगेडा तथा कोषहरु | (९,३६५) |
| ३. ऋणपत्र तथा बण्ड | - |
| ४. तिर्न बाँकी कर्जा सापट | - |
| ५. निक्षेप दायित्व | ३८४,०७७ |
| ६. भुक्तानी दिनु पर्ने बिलहरु | - |
| ७. प्रस्तावित तथा भुक्तानी दिन बाँकी लाभांश | - |
| ८. आयकर दायित्व | - |
| ९. अन्य दायित्व | २,१५० |
| **कुल दायित्व** | **४३१,८६२** |
| **सम्पत्ति** | **रकम (रु. हजारमा)** |
| १. नगद मौज्दात | ४,२६८ |
| २. नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | १,४२६ |
| ३. बैक /वित्तीय संस्थामा रहेको मौज्दात | १५२,१६६ |
| ४. माग तथा अल्प सुचनामा प्राप्त हुने रकम | - |
| ५. लगानी | - |
| ६. कर्जा सापट तथा बिल खरिद | २६४,२०४ |
| ७. स्थिर सम्पत्ति | ७,००१ |
| ८. गैर बैंकिङ्ग सम्पत्ति | - |
| ९. अन्य सम्पत्ति | २,७९८ |
| **कुल सम्पत्ति** | **४३१,८६२** |

**नाफा नोक्सान हिसाव**

| विवरण | रकम (रु. हजारमा) |
|---|---|
| १.व्याज आम्दानी | १५,५८४ |
| २.व्याज खर्च | ११,१३७ |
| **खुद ब्याज आम्दानी** | **४,४४८** |
| ३. कमिशन तथा डिस्काउण्ट | ३८ |
| ४. अन्य संचालन आम्दानी | १,२३५ |
| ५. सटही घटबढ आम्दानी | - |
| **कुल संचालन आम्दानी** | **५,७२०** |
| ६. कर्मचारी खर्च | २,५५३ |
| ७. अन्य संचालन खर्च | १,६९४ |
| ८. सटही घटबढ नोक्सान | - |
| **सम्भावित नोक्सनी ब्यबस्था अघिको संचालन मुनाफा** | **१,४७४** |
| ९. सम्भावित नोक्सानी | १,४१९ |
| **संचालन मुनाफा/(नोक्सान)** | **५५** |
| १०.गैर संचालन आम्दानी/(नोक्सान) | - |
| ११.सम्भावित नोक्सानी ब्यबस्थाबाट फिर्ता | ७३ |
| **नियमित कारोवारबाट भएको मुनाफा** | **१२८** |
| १२.असामान्य कारोवारबाट भएको मुनाफा/(खर्च) | - |
| अनुदान प्राप्त सम्पत्तिको ह्रास कट्टी रकम आम्दानी | - |
| **सम्पूर्ण कारोवार समावेश पछिको खुद नाफा** | **१२८** |
| १३.कर्मचारी बोनस व्यवस्था | - |
| १४.आयकर ब्यबस्था | - |
| यस बर्षको | - |
| गत वर्षको | - |
| पर सारिएको आयकर आम्दानी / (खर्च) | - |
| **खुद मुनाफा/(नोक्सान)** | **१२८** |
| शेयर संख्या (हजारमा) | ५५० |
| प्रति शेयर आम्दानी (रु.) | ०.२३ |

(घ) **आम्दानी र खर्चको हिसावमा कुनै शिर्षकमा ठुलो मात्रामा परिवर्तन भएमा त्यसको विश्लेषणात्मक कारण :**
आम्दानी र खर्चको हिसावमा कुनै शिर्षकमा ठुलो मात्रामा परिवर्तन नभएको ।

(ङ) **पछिल्लो वित्तीय विवरणको लेखापरिक्षण भए पश्चात संगठित संस्थाको कारोबारमा, नाफा नोक्सान, सम्पत्तिको मूल्य वा आगामी १२ महिनाको दायित्व भुक्तानीमा असर पर्ने गरी कुनै अवस्था सिर्जना भएको छ/छैन सो सम्बन्धमा संचालकहरुको घारणा :**
पछिल्लो वित्तीय विवरणको लेखापरिक्षण भए पश्चात संगठित संस्थाको कारोबारमा, नाफा नोक्सान, सम्पत्तिको मूल्य वा आगामी १२ महिनाको दायित्व भुक्तानीमा असर पर्ने गरी कुनै अवस्था सिर्जना भएको छैन ।

(च) **आर्थिक बर्ष समाप्त भएपछि विवरणपत्र पेश गरेमा, विवरणपत्र पेश गरेको मितिबाट स्वीकृती हुने मिति सम्ममा वासलातको मिति पछिको घटनाको बारेमा छुट्टै जानकारी विवरणपत्रमा समावेश गर्नु पर्ने** :लागु नहुने ।

(छ) **विगत ५ बर्षमा सम्पत्तिको पुनर्मूल्यांकन गरिएको छ/छैन, यदि गरिएको भए**
(अ) सम्पत्तिको विवरण,
(आ) सम्पत्तिको पूनर्मूल्यांकन अघि र पछिको कितावी मूल्य
(ई) पूनर्मूल्यांकनको औचित्य : हाल सम्म सम्पत्तिको पुनर्मूल्यांकन गरिएको छैन ।

(ज) आगामी तीन बर्षको प्रक्षेपित वासलात, नाफा नोक्सान हिसाबका साथै त्यसका गणनाको आधारहरु :

**वासलात**

| पूँजी तथा दायित्व | प्रक्षेपित (रु.हजारमा) | | |
|---|---|---|---|
| | आ.ब.०७२/०७३ | आ.ब.०७३/०७४ | आ.ब.०७४/०७५ |
| १. शेयर पूँजी | १००,००० | ५००,००० | ५००,००० |
| २. जगेडा तथा कोषहरु | (४,०३९) | १२,४६४ | ४९,६४७ |
| ३. ऋणपत्र तथा बण्ड | - | - | - |
| ४. तिर्न बाँकी कर्जा सापट | - | - | - |
| ५. निक्षेप दायित्व | ५००,०१८ | ७०६,२९६ | ३,३१९,१०१ |
| ६. भुक्तानी दिनु पर्ने बिलहरु | - | - | - |
| ७. प्रस्तावित तथा भुक्तानी दिन बाँकी लाभांश | - | - | - |
| ८. आयकर दायित्व | - | - | - |
| ९. अन्य दायित्व | १,१२९ | १,२४२ | १,३६६ |
| **कुल दायित्व** | **५९७,१०८** | **१,२२०,००२** | **३,८७०,११५** |
| **सम्पत्ति** | **प्रक्षेपित(रु. हजारमा)** | | |
| | आ.ब.०७२/०७३ | आ.ब.०७३/०७४ | आ.ब.०७४/०७५ |
| १. नगद मौज्दात | १२४,२३१ | ४३४,९८९ | १,१५१,०७२ |
| २. नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | ३३ | ४८ | ५३ |
| ३. बैक /बित्तीय संस्थामा रहेको मौज्दात | ४४,७९६ | ६२,७१५ | ७५,२५८ |
| ४. माग तथा अल्प सुचनामा प्राप्त हुने रकम | - | - | - |
| ५. लगानी | - | - | - |
| ६. कर्जा सापट तथा बिल खरिद | ४१८,३३२ | ७११,१६४ | २,६३१,३०६ |
| ७. स्थिर सम्पत्ति | ५,९१७ | ६,५०९ | ७,१६० |
| ८. गैर बैंकिङ्ग सम्पत्ति | - | - | - |
| ९. अन्य सम्पत्ति | ३,७९८ | ४,५७७ | ५,२६६ |
| **कुल सम्पत्ति** | **५९७,१०८** | **१,२२०,००२** | **३,८७०,११५** |

**नाफा नोक्सान हिसाब**

| विवरण | प्रक्षेपित (रु.हजारमा) | | |
|---|---|---|---|
| | आ.ब.०७२/०७३ | आ.ब.०७३/०७४ | आ.ब.०७४/०७५ |
| १ व्याज आम्दानी | ३९,०४५ | ७०,०५० | २०३,०५६ |
| २ व्याज खर्च | २२,५१६ | ३६,१८९ | १२०,७६२ |
| **खुद ब्याज आम्दानी** | **१६,५३०** | **३३,८६०** | **८२,२९४** |
| ३. कमिशन तथा डिस्काउण्ट | ७६ | ९१ | १०९ |
| ४. अन्य संचालन आम्दानी | ५,३५८ | ६,९०९ | ८,२२५ |
| ५. सटही घटबढ आम्दानी | - | - | - |
| **कुल संचालन आम्दानी** | **२१,९६३** | **४०,८६१** | **९०,६२८** |
| ६. कर्मचारी खर्च | ५,१०५ | ५,८७१ | ६,१६४ |
| ७. अन्य संचालन खर्च | ६,११० | ६,१०० | ६,६३७ |
| ८. सटही घटबढ नोक्सान | - | - | - |
| **सम्भावित नोक्सनी ब्यबस्था अघिको संचालन मुनाफा** | **१०,७४९** | **२८,८९०** | **७७,८२७** |
| ९. सम्भावित नोक्सानी | २,१७८ | २,९५८ | १९,३९५ |
| **संचालन मुनाफा/(नोक्सान)** | **८,५७१** | **२५,९३२** | **५८,४३२** |

| | | | |
|---|---|---|---|
| १०.गैर संचालन आम्दानी/(नोक्सान) | - | - | - |
| ११.सम्भावित नोक्सानी ब्यबस्थाबाट फिर्ता | - | - | - |
| **नियमित कारोवारबाट भएको मुनाफा** | **८,५७१** | **२५,९३२** | **५८,४३२** |
| १२.असामान्य कारोवारबाट भएको मुनाफा/(खर्च) | - | - | - |
| अनुदान प्राप्त सम्पत्तिको ह्रास कट्टी रकम आम्दानी | - | - | - |
| **सम्पूर्ण कारोवार समावेश पछिको खुद नाफा** | **८,५७१** | **२५,९३२** | **५८,४३२** |
| १३.कर्मचारी बोनस व्यवस्था | ७७९ | २,३५७ | ५,३१२ |
| १४.आयकर ब्यबस्था | २,३३८ | ७,०७२ | १५,९३६ |
| यस वर्षको | २,३३८ | ७,०७२ | १५,९३६ |
| गत वर्षको | - | - | - |
| पर सारिएको आयकर आम्दानी / (खर्च) | - | - | - |
| **खुद मुनाफा/(नोक्सान)** | **५,४५४** | **१६,५०२** | **३७,१८४** |
| शेयर संख्या (हजारमा) | १,००० | ५,००० | ५,००० |
| प्रति शेयर आम्दानी (रु.) | ५.४५ | ३.३० | ७.४४ |

| **वित्तीय प्रक्षेपणका आधार तथा तरिकाहरु :** | | | |
|---|---|---|---|
| **विवरण** | **आ.ब.०७२/०७३** | **आ.ब.०७३/०७४** | **आ.ब.०७४/०७५** |
| १. कुल निक्षेपमा औषत बृद्धिदर (प्रतिशतमा) | ५३९.६९% | ४१.२५% | ३६९.९३% |
| २. कुल कर्जा तथा सापटमा औषत बृद्धिदर (प्रतिशतमा) | ४४४.३७% | ७०.००% | २७०.००% |
| ३. कुल कर्जा तथा निक्षेप+पूँजिकोष अनुपात (प्रतिशतमा) | ७०.९०% | ५८.९४% | ६८.७०% |
| ४. कुल आयमा औषत बृद्धिदर (प्रतिशतमा) | ७१६.७४% | १७३.२३% | २७४.३५% |
| ५. कुल खर्चमा औषत बृद्धिदर (प्रतिशतमा) | २८०.५९% | १४२.३६% | २९९.२३% |
| ६. संचालन खर्च तथा कुल आम्दानी अनुपात (प्रतिशतमा) | २५.२१% | १५.५४% | ६.०६% |
| ७. खुद मुनाफामा औषत बृद्धिदर (प्रतिशतमा) | -१८०.९९% | २०२.५६% | १२५.३२% |
| ८. निक्षेपको औषत ब्याजदर (प्रतिशतमा) | ६.००% | ६.००% | ६.००% |
| ९. कर्जा तथा सापटको औषत ब्याजदर(प्रतिशतमा) | १२.००% | १२.००% | १२.००% |
| १०.आयकर ब्यवस्था (प्रतिशतमा) | ३०.००% | ३०.००% | ३०.००% |
| ११.अनिवार्य नगद अनुपात (CRR) | ८.५७% | १०.४४% | ११.५६% |
| १२.बैद्यानिक तरलता अनुपात (SLR) | १४.०९% | २१.३६% | १४.७८% |
| १३.पूँजी पर्याप्तता (CAR) | २२.९३% | ७०.७२% | २१.६७% |

माथि उल्लेखित वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरु हालको वित्तीय बजारको स्थिति, निष्काशनकर्ता डेभलपमेन्ट बैंकको हालको दक्षता र निष्काशनकर्ता डेभलपमेन्ट बैंकले प्राप्त गरेको हालसम्मको कार्य प्रगतिको आधारमा पुनरावलोकन गरी विवरण ठीक छ भनी चार्टर्ड एकाउण्टेण्ट संस्था आरकेएस एण्ड एसोसियट्स, नारायणचौर, नक्साल, काठमाण्डौंले प्रमाणित गरेकोछ ।

### ३.९.२.वित्तीय अनुपात सम्बन्धी विवरण :

**(क) सञ्चालन अवधि तीन बर्ष ब्यतीत भैसकेको अवस्थामा विगत तीन बर्षको र तीन बर्ष ब्यतीत भैनसकेको अवस्थामा सञ्चालन अवधिको तथा आगामी तीन बर्षको प्रक्षेपित प्रति शेयर आम्दानी (EPS) तथा प्रति शेयर नेटवर्थ :**

| **विवरण** | **वास्तविक** | | **प्रक्षेपित** | | |
|---|---|---|---|---|---|
| | **आ.ब. ०७०/०७१** | **आ.ब. ०७१/०७२** | **आ.ब. ०७२/०७३** | **आ.ब. ०७३/०७४** | **आ.ब. ०७४/०७५** |
| प्रति शेयर नेटवर्थ (रु.) | ८४.८७ | ८०.०६ | ९३.८४ | १०१.९५ | १०९.२७ |
| प्रति शेयर आम्दानी (रु.) | (१२.२४) | (५.०२) | ५.४५ | ३.३० | ७.४४ |

(ख) विगत ३ बर्षको नेटवर्थमा भएको औसत प्रतिफल :

| विवरण | वास्तविक (रु. हजारमा) | | प्रक्षेपित (रु.हजारमा) | | |
|---|---|---|---|---|---|
| | आ.ब. ०७०/०७१ | आ.ब. ०७१/०७२ | आ.ब. ०७२/०७३ | आ.ब. ०७३/०७४ | आ.ब. ०७४/०७५ |
| चुक्ता पुंजी | ५५,००० | ५५,००० | १००,००० | ५००,००० | ५००,००० |
| जगेडा तथा कोषहरु | (६,७३५) | (९,४९३) | (४,०३९) | १२,४६४ | ४९,६४७ |
| **कुल** | **४८,२६५** | **४५,५०७** | **९५,९६१** | **५१२,४६४** | **५४९,६४७** |
| घटाउनेःअपलेखन गर्न बाँकी खर्च | (१,५८९) | (१,४७२) | (२,११९) | (२,७३१) | (३,३०४) |
| **कुल नेटवर्थ** | **४६,६७६** | **४४,०३५** | **९३,८४२** | **५०९,७३३** | **५४६,३४३** |
| शेयर संख्या (हजारमा) | ५५० | ५५० | १,००० | ५,००० | ५,००० |
| प्रति शेयर नेटवर्थ (रु.) | ८४.८७ | ८०.०६ | ९३.८४ | १०१.९५ | १०९.२७ |
| प्रति शेयर चुक्ता पुंजी | १०० | १०० | १०० | १०० | १०० |
| नेटवर्थमा औसत प्रतिफल | –१४.४३% | –६.२६% | ५.८१% | ३.२४% | ६.८१% |
| निष्काशन पूर्वको प्रति शेयर आम्दानी(EPS) कायम राख्न बृद्धि हुने नेटवर्थमा आवश्यक न्यूनतम प्रतिफल प्रतिशतमा । | | | | | |

**३.१०. धितोपत्र निष्काशन सम्बन्धी विवरण :**

**३.१०.१. धितोपत्र जारी गर्नुको उद्देश्य :**

अ) डेभलपमेन्ट बैंकको जारी पूँजी रु.१०,००,००,०००/–(दश करोड) मध्ये डेभलपमेन्ट बैंकको प्रबन्धपत्रमा व्यवस्था भए अनुरुप जारी पूँजीको ४५% शेयर सर्वसाधारणहरुमा विक्री गर्नु पर्ने भएको कारण जारी पूँजीको ४५% अर्थात रु.४,५०,००,०००/– रकम बराबरको प्रति शेयर रु.१००/–दरले ४,५०,००० कित्ता साधारण शेयरहरु सर्वसाधारणहरुमा बिक्री वितरण गरी डेभलपमेन्ट बैंकको सञ्चालनमा सर्वसाधारणहरुलाई समेत संलग्न गराउन ।

आ) डेभलपमेन्ट बैंकको प्रबन्धपत्र तथा नियमावलीमा उल्लेख भएका उद्देश्यहरु अनुरुप गर्नु पर्ने कार्यहरुको लागि आवश्यक पूँजी संकलन गर्न ।

इ) डेभलपमेन्ट बैंकले आफ्नो सेवा विस्तार गर्ने क्रममा लगानी बढाउन तथा वित्तीय एवं आर्थिक गतिविधिहरुलाई विस्तार गर्न आवश्यक पर्ने पूँजीको व्यवस्था गर्न ।

**३.१०.२. धितोपत्र निष्काशनबाट प्राप्त पूँजीको उपयोग :**

**(क) निष्काशनबाट प्राप्त हुने कूल रकम सम्बन्धमा वित्तीय रुपमा स्पष्ट खुलेको उपयोग योजना सहितको विवरण :**

साधारण शेयर निष्काशन गरी प्राप्त हुने पूँजी बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३, डेभलपमेन्ट बैंकको प्रबन्धपत्र तथा नियमावली र अन्य प्रचलित कानून बमोजिम तीन जिल्ले "ख" वर्गको डेभलपमेन्ट बैंकले गर्न पाउने कार्यको अधिनमा रही डेभलपमेन्ट बैंकको व्यवसायिक प्रयोजनमा उपयोग गरिनेछ । साधारण शेयर निष्काशन गरी प्राप्त हुने पूँजीको उपयोग सम्बन्धमा देहाय अनुसार उल्लेख गरिएको छ ।

| क.सं. | कर्जाको विवरण | रकम (रु.) |
|---|---|---|
| १. | नेपाल राष्ट्र बैंकबाट स्वीकृत क्षेत्रमा कर्जा लगानी | ३,१०,००,०००/– |
| २. | विपन्न वर्गमा कर्जा लगानी | ५०,००,०००/– |
| ३. | तरलता ब्यबस्थापन अन्तर्गत बैंकहरुमा मौज्दात तथा अन्य उपकरणहरुमा लगानी | ९०,००,०००/– |
| | **जम्मा** | **४,५०,००,०००/–** |

**(ख) सार्वजनिक निष्काशन गरिने धितोपत्र पूर्ण रुपमा बिक्री नभएमा सार्वजनिक निष्काशनको लागि उद्देश्य प्राप्ती गर्नको लागि अपानाइने बैकल्पिक ब्यबस्था :**

बैंक तथा वित्तीय संस्थाहरुको शेयर निष्काशन गर्दा विगतमा माग भन्दा बढी शेयरको लागि दरखास्त पर्ने गरेको छ । कथंकदाचित निष्काशन गरिने साधारण शेयरहरु पूर्ण रुपमा बिक्री नभएमा धितोपत्र निष्काशन तथा विक्री प्रबन्धकले निष्काशन कम्पनीको शेयरहरु विक्री नभएको अवस्थामा ५० प्रतिशत शेयरहरु प्रत्याभुत गरेकोले धितोपत्र प्रत्याभुतकर्ता र डेभलपमेन्ट बैंक विच धितोपत्र प्रत्याभुति सम्वन्धी भएको सम्झौता अनुसार हुनेछ ।

**(ग) आयोजनाको संचालन स्थान, आयोजना चरणबद्ध रुपमा कार्यान्वयन गरिने भए प्रत्येक चरणमा लाग्ने खर्च, कुनै चरण समाप्त भैसकेको भए सो सम्बन्धी विवरणः** लागु नहुने ।

**(घ) आयोजना सम्पन्न हुने, परिक्षण उत्पादन शुरु हुने र पूर्ण व्यावसायिक उत्पादन शुरु हुने अनुमानित मिति :** लागु नहुने ।

**(ङ) संगठित संस्थाले कुनै उपकरण खरिद गरेको वा गर्न लागेको भए उक्त उपकरणको मूल्य वा प्रस्तावित मूल्य, सप्लायर्सको नाम र सप्लायर्ससँग सम्झौता भएको भए सो को मूख्य मूख्य बूँदाहरु :** लागु नहुने ।

(च) **कुनै पार्टीसँग प्रतिलिपी अधिकार, ट्रेडमार्क, इजाजतपत्र, रोयल्टी, सहकार्य सम्बन्धमा वा वित्तीय वा प्राविधिक सम्झौता गरिएको भए सो को प्रमुख शर्तहरु र पार्टीको नाम, ठेगाना सम्बन्धी विस्तृत विवरण :** सम्झौता नगरिएको ।

(छ) **उत्पादन सम्बन्धी आयोजना भए, सो को प्रकृति, प्रयोगकर्ता, प्रतिस्पर्धा, लक्षित समूह, उत्पादन क्षमता, विगत बर्षहरुको क्षमता उपभोग वा भविष्यमा गरिने क्षमता उपभोग सम्बन्धी विवरण :** उत्पादन सम्बन्धी आयोजना नभएको ।

(ज) **आयोजनाको लागि आवश्यक कच्चा पदार्थको उपलब्धता र त्यसको श्रोत :** लागु नहुने ।

(झ) **आयोजनाको लागि आवश्यक हुने विद्युत, पानी, ग्यासको मात्रा र त्यसको श्रोत :** लागु नहुने ।

(ञ) **सार्वजनिक निष्काशनको लागि गरिने खर्च प्रमुख रुपमा देहायमा उल्लेखित पक्षहरुलाई दिने शुल्कहरु छुट्टाछुट्टै रुपमा प्रस्तुत गर्नु पर्ने ।**

(अ) निष्काशन तथा बिक्री प्रबन्धक – रु.१,१२,५००/–

(आ) ट्रष्टी (डिवेन्चर निष्काशनको हकमा) – निष्काशन गरिने डिवेन्चर नभई साधारण शेयर भएको ।

(ई) प्रत्याभूतिकर्ता– प्रत्याभुतिकर्तालाई प्रत्याभुति रकमको ०.५% का दरले रु.१,१२,५००/–

(इ) विज्ञहरु–वित्तीय प्रक्षेपण पुनरावलोकन गरी प्रमाणित गर्ने विज्ञलाई रु.२०,०००/–

(उ) लेखापरिक्षक– यस सार्वजनिक निष्काशनको लागि लेखापरिक्षकलाई भुक्तानी नगरिएको ।

(ऊ) अन्य (जस्तै संकलन केन्द्र, निष्काशन बैंक आदि)– संकलन केन्द्रहरुलाई रकम संकलन गरेको बापत संकलित रकमको ०.१०%, फिर्ता भुक्तानी गरेको रकमको ०.१०% कमिशन दिने र शेयर प्रमाणपत्र वितरण गरे बापत प्रति प्रमाणपत्र रु.२/– का दरले भुक्तानी दिने व्यबस्था गरिएको छ ।

३.१०.३. **सार्वजनिक निष्काशनबाट प्राप्त रकमलाई परियोजनामा प्रयोग गर्न पूर्व अन्य कुनै व्यवस्था गर्न लागिएको छ भने तत्सम्बन्धी विवरणः** हाल सम्म त्यस्तो कुनै व्यवस्था गरिएको छैन ।

३.१०.४. **प्रिमियममा धितोपत्र जारी गर्ने भएमा प्रिमियम मूल्य निर्धारण गर्दा अपनाईएको विधि र औचित्यः**
शेयरको मुल्यमा प्रिमियम थप गरिएको छैन ।

३.१०.५. **धितोपत्र बाँडफाँट, फिर्ता भुक्तानी तथा सूचिकरण सम्बन्धी व्यबस्था :**

(क) **अत्याधिक माग वा न्यून माग भएको अवस्थामा बाँडफाँटको प्रकृया :** यस विवरणपत्र मार्फत जारी गरिएको साधारण शेयर संख्या भन्दा बढी संख्यामा साधारण शेयर खरिदको लागी दरखास्त प्राप्त हुन आएमा नेपाल धितोपत्र बोर्डको प्रचलित धितोपत्र बाँडफाँट सम्बन्धी निर्देशिकामा भएको व्यवस्था अनुसार साधारण शेयरहरु बाँडफाँट गरिनेछ र शेयर बाँडफाँट सम्बन्धी सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गरिनेछ ।

(ख) **अत्याधिक माग भएको वा बाँडफाँट नभएको अवस्थामा फिर्ता भुक्तानी सम्बन्धी व्यबस्था** :शेयर विक्री बन्द भएको मितिले वोर्डले निर्धारित गरेको समयभित्र शेयर बाँडफाँट गरी पूर्ण वा आंशिक रुपमा स्वीकृत/अस्वीकृत भएको व्यहोरा जनाइएको शेयरको बाँडफाँटपत्र (Allotment Letter) र रकम फिर्ता भुक्तानी दिइनेछ ।

(ग) **निवेदन साथ प्राप्त रकमको फिर्ता भुक्तानीमा ढिलाई भएमा दिइने ब्याजदर :** "धितोपत्र निष्काशन निर्देशिका, २०६५" मा भएको व्यबस्था अनुसार तोकिएको समयावधि भित्र बाँडफाँटपत्र तथा रकम फिर्ता भुक्तानी दिन नसकेमा धितोपत्र बिक्री बन्द भएको मितिदेखि भुक्तानी दिन शुरु गरेको अघिल्लो दिनसम्म सरकारी ऋणपत्रको प्रचलित अन्तिम ब्याजदरको आधारमा हुन आउने ब्याजसहित हिसाव गरी रकम फिर्ता भुक्तानी गरिनेछ ।

(घ) **धितोपत्रको बाँडफाँट तथा प्रमाणपत्र जारी सम्बन्धी प्रकृया र समयावधि** :धितोपत्र निष्काशन निर्देशिका, २०६५ तथा प्रचलित शेयर बाँडफाँट सम्बन्धी व्यबस्था अनुसार साधारण शेयरको बाँडफाँट गरी तोकिएको समयावधि भित्र शेयर प्रमाणपत्र वितरण गरिनेछ ।

(ङ) **धितोपत्र सूचिकरण भैसकेको भए, त्यस्तो धितोपत्र सूचीकरण गरिएको धितोपत्र बजारको नाम र धितोपत्र कारोवार शुरु हुनको लागि संगठित संस्थाले पूरा गर्नु पर्ने शर्तहरु सम्बन्धी विवरण :** निष्काशन गरिने साधारण शेयर सूचिकरण भैसकेको छैन ।

(च) **धितोपत्र सूचिकरण भैनसकेको भए, संगठित संस्थाले निष्काशन तथा बिक्री गरिने धितोपत्रहरु प्रचलित ऐन, नियम अनुसार सहज खरीद बिक्री वा बिनिमय हुन सक्ने गराउनको लागि गरिने ब्यबस्था सम्बन्धी विवरण :** निष्काशन गरिने साधारण शेयर धितोपत्र निष्काशन निर्देशिका,२०६५ तथा प्रचलित शेयर बाँडफाँट सम्बन्धी व्यबस्था अनुसार साधारण शेयरको बाँडफाँट गरे पश्चात नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा प्रचलित सूचिकरण सम्बन्धी व्यबस्था अनुसार सूचिकरण गराई शेयर खरिद बिक्रीको व्यबस्था मिलाइनेछ ।

३.१०.६ **प्रत्याभूति सम्बन्धी विवरण :**

(क) **धितोपत्र प्रत्याभूति गर्ने संगठित संस्थाको नाम, ठेगाना र प्रत्याभूति गर्ने धितोपत्रको संख्या र रकमः** नेपाल धितोपत्र बोर्डबाट स्वीकृत प्राप्त धितोपत्र व्यवसायी श्री एनआईबिएल क्यापिटल मार्केट्स लि., लाजिम्पाट, काठमाण्डौंले रु.१००/–अंकित दरको २,२५,००० कित्ता साधारण शेयरको लागि रु.२,२५,००,०००/–(अक्षरुपी दुई करोड पच्चीस लाख मात्र) को लागि प्रत्याभुति गरिएकोछ ।

(ख) **धितोपत्र प्रत्याभूतिकर्तासँग गरिएको सम्झौताको मूख्य मूख्य बूँदाहरु :**

१. धितोपत्र निष्काशन निर्देशिका, २०६५ बमोजिम कुल निष्काशनको कम्तीमा ५० प्रतिशत अर्थात २,२५,००० कित्ता साधारण शेयरहरु प्रत्याभूति गरिएको छ ।

२. कुल प्रत्याभूति शेयरहरुको लागि प्रत्याभूति शुल्क बापत एकमुष्ट रु.१,१२,५००/–भुक्तानी गरिएको छ ।
३. प्रत्याभुतिकर्ताको दायित्व प्रत्याभुति गरिएको शेयरहरुमा मात्र सिमित हुनेछ ।
४. यस विवरणपत्र अनुसार जारी गरिने साधारण शेयरहरु पूर्ण रुपमा बिक्री नभएमा प्रत्याभूतिकर्ताले प्रत्याभूतित कित्ता शेयरहरु सम्म सिमित हुने गरी खरिद गर्ने सहमति जनाएको छ ।
५. यस विवरणपत्र अनुसार जारी गरिने साधारण शेयरहरु पूर्ण रुपमा बिक्री भएको खण्डमा सम्झौतापत्र स्वतः खारेज हुनेछ ।
६. प्रत्याभुत सम्बन्धि अन्य व्यवस्था प्रचलित कानून तथा प्रत्याभुति सम्बन्धी सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।

**३.१०.७ आवेदन दिंदा ध्यान दिनु पर्ने कुराहरु :**

**(क) धितोपत्रवालाको अधिकार तथा प्रतिबन्धात्मक व्यवस्थाहरु जस्तै मताधिकार,लाभांश, हकप्रद शेयर, धितोपत्रवालाको अधिकारमा परिवर्तन गर्ने प्रकृया तथा धितोपत्रको खारेजी आदि सम्बन्धी विवरण :**

१. यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयरहरु बाँडफाँट गरे पश्चात कायम हुने शेयरधनीहरुले सर्वसाधारण शेयरधनीहरुको तर्फबाट निर्वाचित हुने संचालकहरुको निर्वाचनको हकमा मात्र भाग लिई मतदान गर्न पाउनेछन् ।

२. प्रचलित कम्पनी कानून तथा नेपाल धितोपत्र बोर्डको बोनस शेयर सम्बन्धी निर्देशिकाको अधिनमा रही डेभलपमेन्ट बैंकले आर्जन गरेको मुनाफाबाट बोनस शेयर वा लाभाशं वितरण गर्न सक्नेछ र आवश्यकता अनुसार नेपाल धितोपत्र बोर्ड तथा अन्य सम्बन्धित नियमन निकायहरुको स्वीकती लिई हकप्रद शेयर समेत जारी गर्न सक्नेछ ।

३. यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयरहरु "धितोपत्र निष्काशन निर्देशिका, २०६५" मा भएको ब्यबस्था अनुसार बाँडफाँट गरी तोकिएको अवधिभित्र शेयर प्रमाणपत्र वितरण गरी नेपाल स्टक एक्सचेन्ज लिमिटेड, सिंहदरवारप्लाजा, काठमाण्डौंमा सूचिकरण गराई शेयर खरिद बिक्रीको ब्यबस्था मिलाइनेछ ।

**(ख) नियमावली, प्रबन्धपत्र प्राप्त गर्ने वा हेर्न सक्ने ठाउँ, भुक्तानी गर्ने तरिका, लिनुपर्ने न्यूनतम धितोपत्र संख्या र सो भन्दा माथि लिने भएमा कुन गुणाङ्कमा लिन सक्ने हो सो सम्बन्धी विवरण :**

१. यस डेभलपमेन्ट बैंकको प्रबन्धपत्र तथा नियमावली कार्यालय समय भित्र डेभलपमेन्ट बैंकको रजिष्टर्ड कार्यालय, हरिशंकर रोड, बागलुङ्ग वा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेडको कार्यालय, लाजिम्पाट, काठमाण्डौंमा सम्पर्क राखि हेर्न वा प्राप्त गर्न सकिनेछ ।

२. यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयर खरिदका लागि दरखास्त दिँदा दरखास्तवालाले दरखास्तसाथ आफुले खरिद गर्न चाहेको साधारण शेयर संख्याको प्रति साधारण शेयर रु.१००/–का दरले हुन आउने एकमुष्ट रकम यस निष्काशनको लागि तोकिएको संकलन केन्द्रहरुमा जम्मा गरी सो को सक्कल भौचर वा बैंक ड्राफ्ट संलग्न गरी दरखास्त दिनु पर्नेछ ।

३. यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयरको लागि दरखास्त दिँदा दरखास्तवालाले कम्तीमा ५० (पचास) कित्ता साधारण शेयरको लागि दरखास्त दिनु पर्नेछ । यदि कुनै दरखास्तवालाले ५० कित्ता भन्दा बढी शेयरको लागि दरखास्त दिन चाहेमा १० अंकको गुणाङ्कमा अधिकतम १०,००० (दश हजार) कित्ता साधारण शेयर खरिद गर्नका लागि दरखास्त दिनु पर्नेछ।

**(ग) आवेदन दिंदा पालना गर्नुपर्ने शर्त बन्देजहरु जस्तै एक भन्दा बढी दरखास्त दिन नपाइने, लगानीकर्ताको पहिचानको लागि नागरिकता/जन्मदर्ताको प्रमाणित प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्ने वा धितोपत्र दलाल व्यवसायीले दिएको ग्राहकको परिचय नम्बर र सम्बन्धित व्यवसायीको नाम खुलाउनुपर्ने र बैंक खाता मार्फत कारोबार गरिनुपर्ने जस्ता पक्षहरु :**

१. कुनै पनि नेपाली नागरिक तथा नेपाली संघ संस्थाले यस विवरणपत्र मार्फत जारी गरिने साधारण शेयर खरिदका लागि दरखास्त दिन सक्नेछन ।

२. दरखास्त दिंदा बैंकले तोकेको निर्दिष्ट ढांचामा आफुले खरिद गर्न चाहेको साधारण शेयर संख्या र त्यसको रकम खुलाई दरखास्त दिनुपर्नेछ । यसरी दरखास्त दिँदा दरखास्तवालाले दरखास्त फाराममा आफ्नो मुखाकृति स्पष्ट देखिने हालसालै खिचेको फोटो सहित नागरिकता प्रमाणपत्रको नम्बर अनिवार्य रुपमा उल्लेख गर्नुको साथै आफ्नो नागरिकता प्रमाणपत्रको प्रतिलिपीमा दरखास्तवाला स्वयंले प्रमाणित गरी अनिवार्य रुपमा दरखास्तसाथ संलग्न गर्नु पर्नेछ । यसरी दरखास्त दिँदा दरखास्तवालाले आफ्नो नागरिकता प्रमाणपत्रको सक्कल प्रति समेत आफुले दरखास्त बुझाउने सम्बन्धित संकलन केन्द्रमा देखाउनु पर्नेछ। नावालकको हकमा आवेदन दिँदा नेपाल सरकारको पञ्जीकाधिकारीले जारी गरेको जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपी साथै संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपी समेत संरक्षक स्वयंले प्रमाणित गरी पेश गर्नु पर्नेछ।

३. सम्पूर्ण दरखास्तवालाहरु (नावालकहरु समेत) ले अनिवार्य रुपमा आफ्नो खाता रहेको बैंक वा वित्तीय संस्थाको नाम, ठेगाना र खाता नम्बर समेत स्पष्ट रुपमा दरखास्त फाराममा खुलाउनु पर्नेछ । दरखास्तवालाले दरखास्त फारममा आफ्नो खाता नम्बर उल्लेख गर्दा **Clearing House** को सदस्य भएको बैंक वा वित्तीय संस्थामा भएको खाता नम्बर उल्लेख गर्नु पर्नेछ ।

४. दरखास्तवालालाई रकम फिर्ता दिंदा दरखास्त फाराममा उल्लेख गरिएको नीजको खातामा जम्मा हुने गरी रकम फिर्ता भुक्तानी दिइनेछ ।

५. सार्वजनिक निष्काशनको क्रममा संकलन केन्द्र नभएका जिल्लाहरुबाट मात्र ड्राफ्ट संलग्न गरी दरखास्त दिन पाइने र यसरी दरखास्तवालाहरुले दरखास्त दिन चाहेमा शेयर निष्काशन बन्द हुने अघिको मिति सम्ममा एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेड, लाजिम्पाट, काठमाण्डौको नाममा खिचिएको एकाउण्टपेयी **(A/c Payee)** ड्राफ्ट साथ शेयरको दरखास्त फाराम नेपाल सरकार, हुलाक सेवा मार्फत रजिष्ट्री गरी एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेड, लाजिम्पाट, काठमाण्डौंमा पठाएको

निवेदनलाई मात्र बाँडफाँटमा समावेश गरिनेछ । शेयर बिक्री बन्द भएको १५(पन्ध्र) दिनपछि प्राप्त ड्राफ्ट र आवेदन फारामलाई बाँडफाँटमा समावेश गरिने छैन ।

६. रु.५०,०००/–हजार भन्दा बढी लगानी गर्ने दरखास्तवालाले दरखास्त दिंदा अनिवार्य रुपमा एकाउन्ट पेयी चेक मार्फत रकम जम्मा गर्नु पर्नेछ । यसरी एकाण्टपेयी चेकबाट दरखास्त दिँदा **MICR Cheque** मार्फत मात्र दरखास्त दिनु पर्नेछ ।

७. रु.१० लाख सम्म रकम बराबरको आवेदन गर्ने दरखास्तवालाले स्वेच्छिक रुपमा र रु.१०,००,०००/–भन्दा बढी रकम बराबरको आवेदन गर्ने दरखास्तवालाले अनिवार्य रुपमा प्यान नम्बर (PAN No.) दरखास्त फाराममा खुलाउनु पर्नेछ । साथै रु.१० लाख रुपैया वा सो भन्दा बढी आवेदन गर्ने आवेदकले आफुले आवेदन गर्दा जम्मा गरेको रकम सम्पत्ति शुद्धिकरण ऐनको बर्खिलाप गरी आर्जन नगरेको भन्ने उद्घोषण गर्नु पर्दछ ।

८. आबेदन फारम नेपाली तथा अंग्रेजी दुबै भाषामा स्पष्ट रुपमा भर्नु पर्नेछ ।

९. एक व्यक्तिले आफूले खरिद गर्न चाहेको साधारण शेयरको लागि एक भन्दा बढी दरखास्त दिने पाइने छैन । यदि एक व्यक्तिको नाममा एक भन्दा बढी आवेदन प्राप्त हुन आएमा सम्पूर्ण दरखास्तलाई रद्द गरिनेछ ।

१०. संयुक्त रुपमा साधारण शेयर खरिद गर्न चाहने दरखास्तवालाहरुले बढीमा दुई जनाको नाममा दरखास्त दिन सक्नेछन् । यसरी संयुक्त रुपमा दरखास्त दिने दरखास्तवालाहरुले शेयर खरिद गर्नका लागि छुट्टै दरखास्त दिन पाईने छैन । संयुक्त रुपमा आवेदन दिने दरखास्तवालाहरुसंग पत्राचार वा अन्य कुनै कार्य गर्दा दरखास्त फाराममा पहिलो नाम उल्लेख भएको व्यक्तिसंग गरिनेछ ।

११. आमा/बाबु बाहेक अन्य व्यक्ति संरक्षक भई नावालक वा विक्षिप्त व्यक्तिको नाममा दरखास्त दिन चाहने दरखास्तवालाहरुले प्रचलित कानून बमोजिम संरक्षकत्व ग्रहण गरेको प्रमाणको प्रमाणित प्रतिलिपी पेश गर्नु पर्नेछ ।

१२. बाँडफाँटबाट कायम शेयरधनीहरुलाई शेयर प्रमाणपत्र दिंदा दरखास्तवालाले दरखास्त फारामसाथ स्वयंले प्रमाणित गरी संलग्न गरेको नागरिकता प्रमाणपत्रको प्रतिलिपीको सक्कलप्रतिको आधारमा सही आवेदक पहिचान गरेर मात्र दिइने ब्यवस्था रहेकोले शेयर प्रमाणपत्र लिन आवेदकले आफ्नो नागरिकताको सक्कल प्रति पेश गरी नागरिकता प्रमाणपत्रको प्रतिलिपी समेत सम्बन्धित संकलन केन्द्रहरुलाई उपलब्ध गराउनु पर्नेछ ।

१३. कम्पनी तथा अन्य संघ संस्थाले साधारण शेयर खरिदका लागि दरखास्त दिंदा संस्था दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी र सम्बन्धित संस्थाको सञ्चालक समितिले साधारण शेयर खरिद गर्ने सम्बन्धमा गरेको निर्णयको प्रतिलिपी सहित कम्पनी वा संस्थाको प्रमुखको मुखाकृति स्पष्ट देखिने फोटो समेत समावेश गरी दरखास्त दिनु पर्नेछ ।

१४. रितपूर्वक प्राप्त नभएको दरखास्त फारामलाई शेयर बाँडफाँटमा समावेश गरिने छैन र सो को जिम्मेवार दरखास्तवाला स्वयं हुनेछ ।

१५. यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयर प्राप्त गर्ने डिम्याट खाता (DMAT Account/BOID No.) भएका आवेदकहरुलाई नीजहरुले चाहेको खण्डमा धितोपत्रको प्रमाणपत्र अभौतिक रुपमा समेत उपलब्ध गराउने ब्यबस्था गरिने हुँदा नीजहरुले शेयर खरिदका लागि आवेदन दिँदा आफ्नो डिम्याट खाता (DMAT Account/BOID No.) समेत आवेदन फाराममा स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ ।

**३.११ सम्बन्धित पक्ष बीचको कारोबार सम्बन्धी विवरण :**

**निष्काशनकर्ता संगठित संस्था र निम्न लिखित पक्ष बीच विगत २ बर्षको अवधिमा कुनै प्रकारको बस्तुगत कारोवार भएको वा कुनै कारोवार गर्न प्रस्ताव गरिएको भए कारोवारमा संलग्न ब्यक्तिहरुको नाम, तिनीहरुको संगठित संस्था सँगको सम्बन्ध, कारोबारको प्रकृति र रकम :**

(क) **संगठित संस्थाको कार्यकारी अधिकृत वा संचालकको रुपमा रहेको ब्यक्ति** : कारोबार नभएको ।

(ख) **आधारभूत शेयरधनी** : कारोबार नभएको ।

(ग) **खण्ड (क) र (ख) मा उल्लेखित कुनै ब्यक्तिको एकाघर परिवार सदस्य** : कारोबार नभएको ।

(घ) **संगठित संस्थाको कार्यकारी अधिकृत वा संचालक वा आधारभूत शेयरधनीले ३० प्रतिशत वा सो भन्दा बढी मताधिकार हुने गरी शेयर स्वामित्व ग्रहण गरेको कम्पनी वा संगठित संस्था** : सो नभएको ।

(ङ) **संगठित संस्था वा त्यसको सहायक कम्पनीले हालको संचालक वा नीजको एकाघरको परिवारको सदस्यका लागि कुनै कारोवार वा सम्झौता गरेको छ भने सो वा विवरणपत्र प्रकाशन गर्नु भन्दा ३ बर्ष अगाडिको अवधिमा संस्थाको संचालक वा संचालकको एकाघर परिवारको सदस्यका लागि कुनै कारोवार वा सम्झौता गरेको भए सो कुरा** : कुनै कारोवार वा सम्झौता गरेको छैन ।

(च) **कुनै संचालक वा संचालकको एकाघर परिवारको सदस्यलाई कुनै ऋण दिएको वा निजसँग लिएको भए उक्त ऋण सम्बन्धी विस्तृत विवरण जस्तै ऋण बापत लिएको रकम, ऋणको ब्याजदर, ऋण लिएको मिति, ऋण भुक्तानी अवधि आदि कुरा विवरणपत्रमा खुलाउनु पर्ने** : ऋण कारोबार गरेको छैन ।

**३.१२ विदेशी लगानी र ब्यबस्थापन सम्बन्धी विवरण :**

**विदेशी लगानी र ब्यबस्थापनमा संगठित संस्था संचालन हुने भए सो को विवरणका साथै सम्बन्धित सम्झौताको मुख्य तथा तात्विक बुँदाहरु** : विदेशी लगानी र ब्यबस्थापनमा डेभलपमेन्ट बैंक संचालन नभएको ।

**३.१३ सूचीकृत संगठित संस्थाले सार्वजनिक निष्काशन गर्ने भएमा सो को विवरण :**

(क) **संगठित संस्थाको विगत ३ आर्थिक बर्षको प्रत्येक त्रैमासिक अवधिको उच्चतम, न्यूनतम, अन्तिम बजार मूल्यका साथै कारोवार भएको शेयर संख्या:** निष्काशनकर्ता डेभलपमेन्ट बैंक सूचीकृत संगठित संस्था नभएको ।

(ख) **बोर्डमा विवरणपत्र दर्ताको लागि प्रस्तुत गर्नु भन्दा ६ महिना अगाडिको अवधिको मासिक रुपमा उच्च, न्यून र अन्तिम मूल्यका साथै प्रत्येक महिनामा कारोवार भएको कूल दिन र कुल कारोबार भएको धितोपत्र संख्या** :नभएको ।

३.१४ **पछिल्लो सार्वजनिक निष्काशनको अनुमान तथा उपलब्धी सम्बन्धी विवरण :**
**संगठित संस्थाले यस भन्दा अगाडी धितोपत्र निष्काशन गर्दा तयार गरेको विवरणपत्र वा अन्य विवरणहरुमा उल्लेखीत गरिएका लक्ष्य तथा कार्यक्रमहरु तथा खुद मुनाफा हासिल गर्न सके/नसकेको, नसकेको अवस्थामा लक्ष्य तथा कार्यक्रमका साथै विवरणपत्र वा अन्य विवरणहरुमा प्रक्षेपित खुद मुनाफा भन्दा बीस प्रतिशत वा सो भन्दा बढीले न्यून हुन गएको भए यसरी फरक पर्नाको कारण** : हाल सम्म कुनै सार्वजनिक निष्काशन नगरिएको ।

३.१५ **परामर्शदाता/ बिशेषज्ञ सम्बन्धी विवरण:**
**(क) लेखापरिक्षक, प्रमुख बैंक, निष्काशन कार्यसँग संलग्न बैंक, प्रक्षेपित वित्तीय विवरण ठीक छ भनी प्रमाणित गर्ने विज्ञ आदिको नाम तथा ठेगाना :**

अ) यस डेभलपमेन्ट बैंकको लेखापरिक्षकमा चार्टर्ड एकाउन्टेण्ट संस्था एनबिएसएम एण्ड एसोसियट्स, नारायणचौर, नक्साल, काठमाण्डौं रहेकोछ ।

आ) यस निष्काशनको लागि प्रमुख बैंकको ब्यबस्था गरिएको छैन ।

इ) यस निष्काशनको लागि देहायका बैंकहरुलाई निष्काशन बैंक **(Banker to the Issue)**को रुपमा नियुक्त गरिएको छ ।

| सि.नं. | नाम, ठेगाना |
|---|---|
| १. | श्री नेपाल इन्भेष्टमेण्ट बैंक लि., दरवारमार्ग, काठमाण्डौं । |

साथै आवश्यकता अनुसार निष्काशन वन्द भएको मितिले ३ (तीन) दिन भित्र वोर्डलाई जानकारी दिइ अन्य बाणिज्य बैंकहरुलाई समेत यस शेयर निष्काशनको लागि निष्काशन बैंकको रुपमा नियुक्त गर्न सकिनेछ ।

ई) यस विवरणपत्रमा उल्लेखित वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरु हालको वित्तीय बजारको स्थिति, निष्काशनकर्ता डेभलपमेन्ट बैंकको हालको दक्षता र निष्काशनकर्ता डेभलपमेन्ट बैंकले प्राप्त गरेको हालसम्मको कार्य प्रगतिको आधारमा पुनरावलोकन गरी विवरण ठीक छ भनी चार्टर्ड एकाउण्टेण्ट संस्था आरकेएस एण्ड एसोशियट्स, नारायणचौर, नक्साल, काठमाण्डौंले प्रमाणित गरेको छ ।

३.१६ **परियोजना सम्पन्न गर्नको लागि सार्वजनिक निष्काशन बाहेक अन्य वित्तीय श्रोतहरु प्रयोग गरिएको छ/छैन, तत्सम्बन्धी विवरण:** लागु नहुने ।

३.१७. **मुद्दा तथा विवाद सम्बन्धी विवरण :**

**(क) संगठित संस्थाको तरलता, मौज्दात, कार्य संचालनमा तात्विक असर पर्ने खालको कुनै मुद्दामामिला वा विवाद भए सो सम्बन्धी विवरण तथा उपरोक्त मुद्दा वा विवादको कारणबाट पर्न सक्ने प्रभाव सम्बन्धमा ब्यबस्थापनको धारण:**
हाल सम्म संगठित संस्थाको तरलता, मौज्दात, कार्य संचालनमा तात्विक असर पर्ने खालको कुनै मुद्दामामिला वा विवाद छैन।

**(ख) संगठित संस्थालाई असर पर्ने गरी संस्थाको संस्थापक/संचालकले वा लाई दायर गरिएको मुद्दा सम्बन्धी विवरण :**
हाल सम्म संगठित संस्थालाई असर पर्ने गरी संस्थाको संस्थापक/संचालकले वा लाई मुद्दा दायर गरिएको छैन ।

**(ग) विगत पाँच बर्षमा संगठित संस्थाको कुनै संस्थापक/संचालक कालोसूचीमा परेको वा कुनै नैतिक वा आर्थिक कारणबाट कुनै नियमन निकाय वा अदालतले सजाय गराएको भए, त्यस्तो संचालकको नाम र सजाय गर्ने नियमन निकाय वा अदालतको नाम उल्लेख गर्नु पर्ने :**
विगत पाँच बर्षमा संगठित संस्थाको कुनै संस्थापक/संचालक कालोसूचीमा परेको वा कुनै नैतिक वा आर्थिक कारणबाट कुनै नियमन निकाय वा अदालतले सजाय गराएको छैन ।

(घ) **संगठित संस्था बैंक वा वित्तीय संस्थामा ऋण नतिरी डिफल्ट भएको, नियम अनुसारको शुल्क नतिरेको, धितोपत्रवालाहरुको कुनै रकम भुक्तानी नगरिएको भए तत्सम्बन्धी विवरणहरु** : सो नभएको ।

३.१८. **गुनासो सुन्ने र समाधान गर्ने प्रकृया** :यस सार्वजनिक निष्काशन सम्बन्धमा लगानीकर्ताहरुको गुनासो सुन्न र सो को समाधानको लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको कार्यालय एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेड, लाजिम्पाट, काठमाण्डौंमा एक विशेष कक्षको व्यबस्था गरिएको छ।

३.१९ **नगद नलिई कसैलाई धितोपत्र निष्काशन गरिएको छ भने त्यस्तो व्यक्ति वा समूहको नाम, खरीद गरिएको सम्पत्ति वा सेवा सम्बन्धी विवरण, निष्काशन गरिएको धितोपत्रको संख्या र दर सम्बन्धी विवरण:** नभएको ।

३.२० **ऋणपत्र निष्काशन सम्बन्धी विवरण** : हालसम्म ऋणपत्र जारी गरिएको छैन ।

३.२१ **अग्राधिकार शेयर निष्काशन सम्बन्धी ब्यबस्था** : नभएको ।

३.२२ **अन्य सामान्य जानकारी :**

**(क) विशेषज्ञको कुनै राय भएमा, सो को विवरण** : सो नभएको ।

**(ख) गत तीन आर्थिक वर्ष भित्रमा कुनै संचालक, लेखापरीक्षक परिवर्तन भएको भए, सो को कारण** : नभएको ।

**(ग) कम्पनी सचिवको नाम, ठेगाना र योग्यता :**
मकवानपुर २, हेटौंडा निवासी एम.बि.ए. शैक्षिक योग्यता हासील गरि बैकिङ्ग क्षेत्रमा करिब १९ वर्षको कार्यअनुभव हासिल गर्नुभएका श्री प्रकाश कुमार श्रेष्ठ यस डेभलपमेन्ट बैंकको कम्पनी सचिवको रुपमा कार्यरत हुनुहुन्छ ।

**(घ) सार्वजनिक निष्काशन गर्नका लागि संचालक समितिबाट भएको निर्णय सम्बन्धी विवरण :**
**सञ्चालक समितिको मिति २०७२।०३।२३ गते बसेको ६१ औं बैठकको निर्णयः**

१) यस डेभलपमेन्ट बैंकको रु.४,५०,००,०००/–बराबरको साधारण शेयर निष्काशन तथा विक्री प्रवन्ध गर्न निष्काशन तथा विक्री प्रवन्धक नियुक्त गर्ने सम्वन्धमा छलफल हुँदा यस डेभलपमेन्ट बैंकको रु.४,५०,००,०००/–बराबरको रु.१००/– प्रति कित्ताको दरले ४,५०,००० कित्ता साधारण शेयर निष्काशन तथा विक्री प्रवन्ध गर्न निष्काशन तथा विक्री प्रवन्धकमा रु.१,१२,५००/–शुल्क प्रदान गर्ने गरी श्री एनआईविएल क्यापिटल मार्केट्स लि.लाई नियुक्त गर्ने निर्णय गरियो । उपरोक्त बमोजिमको शेयर निष्काशन तथा विक्री प्रवन्ध सम्वन्धमा यस डेभलपमेन्ट बैंकको तर्फबाट श्री एनआईविएल क्यापिटल मार्केटस लि.संग शर्त तथा कवुलियतहरु तय गरी आवश्यक कार्यहरु गर्न तथा सम्झौता गर्न प्रमुख कार्यकारी अधिकृत श्री प्रकाश कुमार श्रेष्ठलाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

२) यस डेभलपमेन्ट बैंकको रु.४,५०,००,०००/–बराबरको साधारण शेयर निष्काशन गर्नु अगावै निष्काशन गर्न लागिएको शेयरको न्यूनतम पनि ५० प्रतिशत शेयरको प्रत्याभूति गरिएको हुनु पर्ने व्यवस्था बमोजिम प्रत्याभूतिकर्ता नियुक्त गर्ने सम्वन्धमा छलफल हुँदा यस डेभलपमेन्ट बैंकको निष्काशन गरिने रु.४,५०,००,०००/– बराबरको साधारण शेयरको ५० प्रतिशत शेयर अर्थात रु.२,२५,००,०००/–बराबरको रु.१००/–प्रति कित्ताको दरले २,२५,००० कित्ता शेयरको प्रत्याभूति गर्न रु.१,१२,५००/– शुल्क प्रदान गर्ने गरी श्री एनआईविएल क्यापिटल मार्केट्स लि.लाई प्रत्याभूतिकर्तामा नियुक्त गर्ने निर्णय गरियो । उपरोक्त बमोजिमको शेयर प्रत्याभूति सम्वन्धमा यस डेभलपमेन्ट बैंकको तर्फबाट श्री एनआईबिएल क्यापिटल मार्केटस लि.सँग शर्त तथा कवुलियतहरु तय गरी आवश्यक कार्यहरु गर्न तथा सम्झौता गर्न प्रमुख कार्यकारी अधिकृत श्री प्रकाश कुमार श्रेष्ठलाई अख्तियारी प्रदान गर्ने निर्णय पनि गरियो ।

**(ङ) संगठित संस्था वा यसका शेयरधनीलाई कुनै विशेष कर सुविधा दिइएको भए, सो सम्बन्धी विवरणः**सो नभएको ।

**(च) संगठित संस्थाको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण प्राप्त गर्न वा हेर्न सक्ने ठाउँ र समयः**

कार्यालय समयभित्र निम्नलिखित स्थानहरुमा कम्पनीको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा-नोक्सान हिसाव तथा नगद प्रवाहको विवरण प्राप्त गर्न वा निरीक्षण गर्न सकिनेछ ।

१. डेभलपमेन्ट बैंकको रजिष्टर्ड (केन्द्रीय) कार्यालय, हरिशंकर रोड, बागलुङ ।

२. धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धक श्री एनआईबिएल क्यापिटल मार्केट्स लि., लाजिम्पाट, काठमाण्डौं ।

**(छ) बोनस शेयर सम्बन्धी व्यवस्था :**

हालसम्म बोनस शेयर जारी गरिएको छैन । भविष्यमा प्रचलित ऐन र नेपाल धितोपत्र बोर्डको प्रचलित बोनस शेयर निष्काशन सम्बन्धी व्यवस्था अनुसार बोनस शेयर जारी गर्न सक्नेछ ।

**(ज) शेयरवाला, कर्मचारी वा अरु कसैको लागि शेयर सुरक्षित गर्ने व्यवस्था गरिएको भएमा सो कुरा :**

यस विवरणपत्रद्वारा निष्काशन गरिने प्रति साधारण शेयर रु.१००/–अङ्कित मूल्य (Par Value) का कुल ४,५०,००० कित्ता साधारण शेयर मध्ये २% अर्थात ९,००० कित्ता साधारण शेयर डेभलपमेन्ट बैंकको सेवामा रहेका कर्मचारीहरुको लागि सुरक्षित गरिएको तथा ५% अर्थात २२,५०० कित्ता साधारण शेयर सामुहिक लगानी कोषलाई बाँडफाँट गरिएको छ । यसरी छुट्याइएको शेयर कर्मचारीहरुमा डेभलपमेन्ट बैंकको संचालक समितिले औचित्यपूर्ण तवरबाट बाँडफाँट गर्नेछ र कर्मचारीहरुबाट सम्पूर्ण शेयरको लागि माग भई नआएको अवस्थामा बाँकी शेयरहरु सर्वसाधारणमा बाँडफाँट गरिनेछ ।

**(झ) डेभलपमेन्ट बैंकले कम्पनी ऐनले गरेको व्यवस्थाहरु, आफ्नो कारोबारसँग सम्बन्धित ऐन, नियम तथा नियमन व्यवस्था पूर्ण पालना गरेको सम्बन्धमा गरेको उद्घोषण :**

यस डेभलपमेन्ट बैंकले कम्पनी ऐन, २०६३ ले गरेको व्यवस्थाहरु, आफूले गर्ने व्यवसायसँग सम्बन्धित ऐन, नियम तथा नियमन व्यवस्था तथा नियमन निकायहरुले दिएको निर्देशनहरुको पूर्ण रुपमा पालना गरेको छ र सोही निर्देशनहरुको दायरा भित्र रही कार्य गरिरहेको र यस विवरणपत्रमा उल्लेख गरिएको विवरणहरु समेत सोही अनुरुप तयार गरिएको हो भन्ने डेभलपमेन्ट बैंकको उद्घोषण रहेकोछ ।

**(ञ) धितोपत्र बिक्री वितरण सम्बन्धी व्यवस्था :**

यस विवरणपत्र मार्फत निष्काशित साधारण शेयर बिक्री वितरणका लागि नेपालको प्रत्येक विकास क्षेत्रमा कम्तीमा एक सङ्कलन केन्द्रका दरले न्यूनतम १० सङ्कलन केन्द्रको व्यवस्था गरी आवेदन फाराम तथा विवरणपत्र वितरण तथा आवेदन फारामसहित दरखास्त रकम जम्मा गर्ने व्यवस्था गरिनेछ ।

**(ट) क्रेडिट रेटिङ्ग सम्बन्धी व्यबस्था :**

यस विवरणपत्र अनुसार सर्वसाधारणहरुमा निष्काशन गरिने साधारण शेयरको लागि "क्रेडिट रेटिङ्ग नियमावली, २०६८" को नियम ३ मा भएको ब्यबस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था ईक्रा नेपाल लि., डिल्लीबजार, काठमाण्डौंबाट क्रेडिट रेटिङ्ग गराई **"ईक्रा एनपि आईपिओ ग्रेड ४"**प्रमाणपत्र प्राप्त गरेको छ । । इक्रा नेपालले १ देखि ५ प्वाइन्ट ग्रेडिङ्ग प्रदान गर्दछ । जसमा ग्रेड १ ले बलिया आधार जनाउँछ भने ग्रेड ५ ले कमजोर आधारहरु जनाउँछ । ग्रेड २, ३ र ४ मा प्रयोग गरिने + (Plus) चिन्हले यस समूहका तुलनात्मक सकारात्मक स्थितिलाई जनाउँछ । क्रेडिट रेटिङ्ग सम्बन्धी विवरण यस विवरणपत्रको अनुसूचीमा संलग्न गरिएको छ ।

**(ठ) विवरणपत्र तयार गर्ने व्यक्तिको नाम, थर, शैक्षिक योग्यता र अनुभवको विवरण :**

यस विवरणपत्र तयार पार्ने व्यवसायिक संस्थामा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक श्री एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेड, लाजिम्पाट, काठमाण्डौं रहेकोछ ।

**(ड) सकारात्मक पक्षहरु :**

क) देशका अनुभवी तथा दक्ष व्यक्तिहरुद्वारा स्थापित भएकोले यस डेभलपमेन्ट बैंकको व्यबस्थापन सक्षम तथा प्रभावकारी भएको।

ख) जोखिम लेखाजोखा पश्चात मात्र लगानी तथा कर्जाको अवसरहरुमा कोषको प्रवाह भएको ।

ग) स्थापनाकालदेखि नै पूर्ण कम्प्युटरकृत प्रविधिबाट वित्तीय सेवा प्रदान गर्दै आइरहेको ।

**(ढ) शेयर रजिष्ट्रार सम्बन्धी व्यवस्था :**

नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचिकरण गरे पश्चात् शेयरको दाखिल खारेज, दस्तखत रुजु आदि सम्बन्धी कार्य यस बैंकको कार्यालयबाट वा डेभलपमेन्ट बैंकको संचालक समितिले तोके बमोजिम शेयर रजिष्ट्रारको कार्यालयबाट हुने गरी व्यवस्था गरिने छ ।

**(ण) संकलन केन्द्र सन्बन्धी ब्यबस्था :**

यस सार्वजनिक निष्काशनको लागि प्रत्येक विकास क्षेत्रमा कम्तीमा एक दरखास्त फाराम तथा विवरणपत्र वितरण र दरखास्त संकलन केन्द्र रहने गरि कम्तीमा १० (दश) वटा संकलन केन्द्रको व्यबस्था गरिनेछ ।

**(त) धितोपत्र बिक्री खुल्ला अवधि :**

यस विवरणपत्रद्वारा निष्काशन गरिएको साधारण शेयरहरुको लागि आवेदन दिने अवधि बिक्री खुल्ला भएको मितिबाट १५ दिन सम्म खुल्ला रहनेछ । साधारण शेयरको लागि आवेदन लिने कार्य कम्तीमा चार कार्यदिनको लागि खुल्ला गरिनेछ ।

**३.२३ यस विवरणपत्रमा प्रकाशित तथ्य तथा विवरणहरु ठीक दुरुस्त छन, सो मा कुनै फरक परेमा हामी संचालकहरु पूर्ण रुपमा जिम्मेवार हुनेछौं भनी सही छाप गर्ने संचालक तथा विज्ञहरुको नाम तथा दस्तखत ।**

| सि.नं. | संचालकहरुको नाम | पद | दस्तखत |
|---|---|---|---|
| १. | श्री गणेश कुमार श्रेष्ठ | अध्यक्ष | |
| २. | श्री कृष्ण शंकर श्रेष्ठ | सञ्चालक | |
| ३. | श्री नरेन्द्र रमण त्रिपाठी | सञ्चालक | |
| ४. | श्री शिव प्रसाद तिमिल्सिना | सञ्चालक | |
| ५. | श्री मनोविज्ञान श्रेष्ठ | सञ्चालक | |

**३.२४ निष्काशन तथा बिक्री प्रबन्धकको प्रस्तुत गरेको प्रतिबद्धता पत्र (ड्यु डेलिजेन्स् सर्टिफिकेट) को प्रति :** संलग्न गरिएको ।

**३.२५ विवरणपत्र, वित्तीय विवरण तथा अन्य कुनै कुरामा विज्ञले राय दिएको भए सो सम्बन्धी पत्र :** संलग्न गरिएको ।

NIBL CAPITAL

A Licensed Merchant Banker from SEBON

Ref: 077\072\073

२०७२/५/२१

**श्री नेपाल धितोपत्र बोर्ड,**
**संस्थागत वित्त विभाग,**
**जावलाखेल, ललितपुर ।**

**विषय : धितोपत्र निष्काशन तथा बिक्री प्रबन्ध बारे ।**

महोदय,

गण्डकी अञ्चल, वडा नं.२, हरिशंकर रोड, बाग्लुङ्ग ठेगाना भएको ग्रीन डेभलपमेन्ट बैंक लिमिटेडले सर्वसाधारणहरुका लागि जारी गर्न लागेको रु.१००/–दरको ४,५०,००० (चार लाख पचास हजार) कित्ता साधारण शेयरहरुको सर्वसाधारणहरुलाई निष्काशन गर्नको लागि निष्काशन तथा बिक्री प्रबन्धकको रुपमा सेवा दिन यस कम्पनी मन्जुर गर्दछ । सर्वसाधारणहरुलाई साधारण शेयर जारी गर्ने क्रममा धितोपत्र सम्बन्धी ऐन, २०६३ र सम्बद्ध कानूनमा भएको व्यवस्था अनुसार शेयर बिक्री वितरण गर्ने व्यवस्था मिलाइनेछ । यस निष्काशन सम्बन्धमा देहायका कुराहरु जानकारी गराउँदछौं ।

१. संगठित संस्थाको विवरणपत्रमा उल्लेख गरिएका बिवरण तथा जानकारीहरु तथ्यगत, पूर्ण र सही भएको र यसबाट लगानीकर्ताहरुलाई लगानी सम्बन्धमा सही निर्णय लिन मद्दत हुने देखिन्छ । संगठित संस्थाको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययन गर्दा संगठित संस्थाले गरेको वा गर्न लागेको व्यवसाय सम्बन्धमा हाम्रो सकारात्मक धारणा रहेको छ ।

२. धितोपत्र कारोबार नियमावली अनुसार पेश गर्नु पर्ने सम्पूर्ण कागजात र विवरणहरु प्रमाणित गरी त्यहाँ पेश गरिएको र प्रत्येकको एक/एक प्रति सार्वजनिक जानकारीको लागि यस कार्यालयमा राखिएको छ ।

३. हाम्रो विचारमा निष्काशनकर्ता कम्पनीद्धारा निष्काशित धितोपत्र, धितोपत्र सम्बन्धी ऐन, २०६३ र सो ऐन अन्तर्गत बनेका नियम तथा नेपाल स्टक एक्सचेन्ज लिमिटेडको धितोपत्र सूचिकरण विनियमावली, २०५३ बमोजिम सूचीकरण हुन योग्य छन् ।

४. सर्वसाधारणलाई विवरणपत्र तथा दरखास्त फाराम सरल तरीकाबाट वितरण गर्ने तथा अन्य जानकारी उपलब्ध गराउने सम्बन्धमा निष्काशन कम्पनी संग समन्वय गरी आवश्यक व्यवस्था मिलाइने छ ।

५. त्यस बोर्डबाट जारी गरिएको धितोपत्र निष्काशन तथा बिक्री प्रबन्ध सम्बन्धि निर्देशिकामा उल्लेखित सबै कुराहरु अध्ययन गरि सो निर्देशिकाको व्यवस्थाहरु संग अनुरुप हुने गरी सम्बन्धित कम्पनी/संगठित संस्थाले भरेको विवरण र दिएको जानकारी सन्तोषजनक पाएको छ ।

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक तर्फबाट

**एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेड**

**नाम** : कबिन्द्र ध्वज जोशी

**पद** : नायब महा–प्रबन्धक

**सही** :

**कार्यालयको छाप** : NIBL CAPITAL NIBL Capital Markets Ltd. Kathmandu, Nepal


एनआईबिएल क्यापिटल मार्केट्स लि.
(A subsidiary of Nepal Investment Bank Limited)
P.O. Box 21224, Lazimpat, Kathmandu, Nepal

Ph: +977-1-4005080/58/68/69
Fax: +977-1-4005084
E-mail: info@niblcapital.com
Website: www.niblcapital.com

# RKS & Associates
**Chartered Accountants**

चैत्र ४, २०७२

श्री संचालक समिति,

ग्रीन डेभलपमेन्ट बैंक लिमिटेड

बागलुङ नगर पालिका २, बागलुङ

विषय : प्रक्षेपित वित्तीय विवरणको प्रतिवेदन

महोदय,

यहाँको अनुरोधमा हामीले ग्रीन डेभलपमेन्ट बैंक लिमिटेडको आ.ब. २०७२/७३, २०७३/७४ र २०७४/७५ को प्रक्षेपित वित्तीय विवरणको पुनरावोलकन (Review) गरेका छौं । यस प्रतिवेदन, हाम्रो बुझाईमा, ग्रीन डेभलपमेन्ट बैंक लिमिटेडले सर्वसाधरणको लागी शेयर निष्कासनको निमित्त विवरण पत्र (Prospectus) तयार पार्न प्रस्तुत गर्नेछ । संलग्न प्रक्षेपित वित्तीय विवरण निम्न कुराहरुमा आधार रहेको जानाकारी गराईन्छ :

१. बैंकको आर्थिक वर्ष २०७०/७१ र २०७१/७२ लेखापरिक्षण भएको वित्तीय विवरणहरु तथा आ.ब. २०७२/७३ पौष मसान्त सम्मको लेखापरिक्षण पुर्वको वित्तीय विवरणहरु,

२. हामीलाई जानकारी गराईएको तथा हामीले जानकारी लिएको आवश्यक सुचनाहरु,

३. बैंकले अवलम्बन गरेको लेखा नीतिहरु, र

४. अनुसूची "क" मा प्रस्तुत गरिएको प्रमुख अनुमानहरु() ।

उपरोक्त प्रक्षेपण विगत वर्षहरुको वास्तविक आँकडा तथा आउँदो वर्षको संचालन योजनाको आधारमा बैंक व्यवस्थापनले तयार पारेको हो र हामीले उक्त प्रक्षेपित विवरण अनुसूची "क" मा प्रस्तुत गरिएको प्रमुख अनुमानहरु बमोजिम तयार पारिएको छ भनि प्रमाणिकरण मात्र गरेका हौं ।

RKS & Associates Kathmandu Nepal Chartered Accountants

सि.ए. राजेश कुमार साह
प्रोप्राईटर
आर.के.एस. एण्ड एसोसियट्स
चार्टड एकाउन्टेनट्स

मिति : २०७२/१२/०४
स्थान : काठमाडौं ।

Chadani Chowk | Tanglaphant | Kirtipur-1 | Ph: 01-4433069, 951074183, 9801074183 | Email: meetrajeshca@yahoo.com

# ग्रीन डेभलपमेन्ट बैंक लिमिटेड

**बागलुङ नगर पालिका २, बागलुङ**

अनुसुची - क

**वित्तीय प्रक्षेपणका प्रमूख आधारहरु :**

१. कर्जा तथा सापट:

संस्थाको आ.व. २०७०।७१ को आषाढ मासन्तबाट आ.व. २०७१।७२ को आशाढ मसान्त सम्ममा असल कर्जामा करिब २६६ प्रतिशतको बृद्धि भएको तथा संस्थाको आ.व. २०७१।७२ को पौस मसान्तसम्ममा करिब १३० प्रतिशतको बृद्धि भएको र संस्थाको व्यवस्थापनले गर्ने योजना अनुसार २०७२।७३, २०७३।७४ र २०७४।७५ मा क्रमस २०५, १७० र ३७० प्रतिशतले कूल कर्जा वृद्धि हुने प्रक्षेपण गरिएको छ ।

कर्जा तथा सापटमा प्राप्त हूने औसत ब्याज दर आ.ब. २०७२।७३, २०७३।७४ र २०७४।७५ को लागि क्रमस १२।००, १२।०० र १२।०० प्रतिशत हूने अनूमान गरिएको छ ।

कर्जा तथा सापट को निक्षेप र प्राथमिक पुंजीको अनूपात (CD Ratio) नेपाल राष्ट्र बैंकले तोकेको अनुपात अनूरुप रहने गरी कर्जा तथा सापट प्रक्षेपण गरीएको छ । जस अनुरुप आ.ब. २०७२।७३, २०७३।७४ र २०७४।७५ को लागि क्रमस ७१, ५९ र ६९ प्रतिशत हूने प्रक्षेपण गरिएको छ ।

कर्जा नोक्सानी व्यवस्था आ.ब. २०७२।७३, २०७३।७४ र २०७४।७५ को लागि कूल कर्जा तथा सापटको क्रमस १।००, १।०० र १।०० प्रतिशत कायम रहने अनूमान गरिएको छ ।

२. निक्षेप:

संस्थाको आ.व. २०७०।७१ को आषाढ मासन्तबाट आ.व. २०७१।७२ को आसाढ मसान्त सम्ममा जम्मा निक्षेपमा लगभग ३२० प्रतिसतको बृद्धि भएको तथा संस्थाको आ.व. २०७२।७३ को पौषसम्ममा प्रतिशतले १५३ बृद्धि भएको तर संस्थाको व्यवस्थापनले गर्ने योजना अनुसार आ.व. २०७२।७३, २०७३।७४ र २०७४।७५ मा क्रमस २००, १४१ र ४७० प्रतिशतले कूल निक्षेप वृद्धि हुने प्रक्षेपण गरिएको छ ।

निक्षेप दायित्वमा तिर्नूपर्ने औसत व्याजदर आ.व. २०७२।७३, २०७३।७४ र २०७४।७५ को लागि क्रमस ६।००, ६।०० र ६।०० प्रतिशत कायम रहने अनूमान गरिएको छ ।

३. तरलता:

नेपाल राष्ट्र बैंकले व्यवस्था गरेको वैधानिक तरलता अनुपात (Statutory Liquidity Ratio) आ.ब. २०७२।७३, २०७३।७४ र २०७४।७५ को लागि क्रमस १४।०१, २१।२७ र १४।७४ कायम हूने गरी लगानी प्रक्षेपण गरीएका छ ।

नेपाल राष्ट्र बैंकले व्यवस्था गरेको अनिवार्य मौज्दात (Cash Reserve Requirement) आ.ब. २०७२।७३, २०७३।७४ र २०७४।७५ को लागि क्रमस ८।५०, १०।३९ र ११।५३ कायम हूने गरी लगानी प्रक्षेपण गरीएका छ ।

४. संचालन नाफाको १० प्रतिशत रकम कर्मचारी वोनस व्यवस्थाको लागी छूट्याइएको छ ।

५. आउंदो वर्षहरुको लागी बैंकले आर्जन गर्ने नाफामा ३० प्रतिशतको दरले आयकरको लागी व्यवस्था गरिएको छ ।

६. गत वर्षहरुको वास्तविक आंकडा तथा आउंदो वर्षको संचालन योजनाको आधारमा बैंक व्यवस्थापन द्वारा वित्तीय विवरण प्रक्षेपण गरिएको हो ।

RKS & Associates Chartered Accountants Kathmandu Nepal

७. पूजि प्रयाप्तता (Capital Adequacy) को मात्रा नेपाल राष्ट्र बैंकले तोकेको अनूपात अनूरुप रहने गरी प्रक्षेपण गरीएको छ । जस अनुरुप पूजिकोषको अनूपात आ.व. २०७२।७३, २०७३।७४ र २०७४।७५ को लागि क्रमस २२।७३, ७०।४७ र २१।५७ प्रतिशत र प्राथमिक पूजिको अनूपात आ.व. २०७२।७३, २०७३।७४ र २०७४।७५ को लागि क्रमस २१।३०, ६८।९९ र २०।३७ प्रतिशत हूनेगरि प्रक्षेपण गरिएको छ ।

प्रमाणित गर्ने :

RKS & Associates ★ Chartered Accountants Kathmandu Nepal

सि.ए. रजनीश कुमार साह
प्रोप्राईटर

आर.के.एस. एण्ड एसोसियट्स
चार्टर्ड एकाउन्टेन्ट्स

ICRA NEPAL

# ICRA Nepal Limited

Ref No: ICRAN/072/073/GRA/021

Date: December 23, 2015

Mr.Prakash Kumar Shrestha
Chief Executive Officer
Green Development Bank Ltd.
Hari Shankar Road, Baglung
Municipality-2, Baglung District
Nepal

Dear Sir,

**Re: <u>ICRA Nepal Grading of IPO Issue of 4, 50,000 nos. Equity Shares to be issued by Green Development Bank Limited to the Public ("Initial Public Offer")</u>**

Please refer to your mandate letter dated 10th August, 2015 for grading the Initial Public Offer of Green Development Bank Ltd. The Rating Committee of ICRA Nepal, after due consideration, has assigned the "**[ICRANP] IPO Grade 4**"* (pronounced ICRA NP IPO Grade Four) grading to the captioned Initial Public Offer programme. This grading indicates below-average fundamentals.

In any of your publicity material or other document wherever you are using the above grading, it should be stated as "[ICRANP] IPO Grade 4". We would appreciate if you can sign on the duplicate copy of this letter and send it to us within 35 days from the date of this letter as a token of your confirmation about the use of this letter. The rationale for assigning the above grading has been enclosed with this letter.

This grading is specific to the terms and conditions of the proposed IPO issue as was indicated to us by you and any change in the terms or size of the IPO would require the grading to be reviewed by us. If there is any change in the terms and conditions or size of the rated IPO, as above, the same must be brought to our notice before the issue of the IPO. If there is any such change after the grading is assigned by us, it would be subject to our review and may result in change in the grading assigned.

ICRA Nepal reserves the right to suspend, withdraw or revise the above grading at any time on the basis of new information or unavailability of information or such other circumstances, which ICRA Nepal believes, may have an impact on the aforesaid grading assigned to you.

The grading, as aforesaid, however, should not be treated as a recommendation to buy, sell or hold the Equity Shares to be issued by you. If the issue graded, as above, is not placed by you within a period of 6 months from date of this letter communicating the grading, the same would stand withdrawn unless revalidated before the expiry of 6 months.

* IPO fundamentals are graded on a five point scale from Grade 1 (indicating strong fundamentals) to Grade 5 (indicating poor fundamentals) For the Grading categories 2, 3 and 4, the sign of + (plus) indicates their relative better position within the Grading categories concerned.

Regd. Office :
Sunrise Bizz Park - 6th Floor,
Dillibazar , Kathmandu - 33, Nepal

Tel. : +977 1 4419910/20
Fax : +977 1 4419930

Website : www.icranepal.com
Email : info@icranepal.com

You are required to keep us forthwith informed of any developments (including any default or delay in repayment of interest or principal amount of any debt instruments/ borrowing or proposal for re-schedulement or postponement of the repayment programmes of the dues/ debts) which may have a direct or indirect impact on the grading assigned to the aforesaid IPO programme.

In determining the grading, ICRA Nepal has relied on the information available/made available to it by your company and ICRA Nepal does not guarantee the completeness or accuracy of such information on which the grading is based.

We thank you for your kind cooperation extended during the course of the grading exercise. Should you require any clarification, please do not hesitate to get in touch with us.

With kind regards,

Yours sincerely,
For ICRA Nepal Limited

ICRA NEPAL LTD * KATHMANDU * 2011 *

Deepak Raj Kafle
Managing Director

Kishor Prasad Bimali
Senior Analyst